# हितोपदेशको पुस्तक

## प्रस्तावना

**१** यी हितोपदेशहरू दाऊदका छोरा सुलेमानका हुन्। सुलेमान इस्राएलका राजा थिए।

२मानिसहरू ज्ञानी भएर असल कर्म गर्न सिकुन् भनी यी वचनहरू लेखिएका हुन्। यी वचनहरूले मानिसहरूलाई असल असल शिक्षाहरू ग्रहण गर्न सिकाउँछन्।

३यी वचनहरूले मानिसहरूलाई विवेकशील, असल, न्यायपूण, इमान्दार हुने सही मार्गदर्शन गर्छन।

४यी हितोपदेशहरूले अनुभवहीन मानिसहरूलाई विवेकशील भएर काम गर्न सिकाऊँछन। तिनीहरूले युवकहरूलाई बुद्धि दिन्छन् अनि यसलाई तिनीहरूले कसरी प्रयोग गर्ने भन्ने सिकाऊँछन्।

५बुद्धिमान मानिसहरूले यी वचनहरू सुनेर अथवा पढ़ेर आफ्नो ज्ञान बढ़ाइ दिशा निर्देशन पाउँछन्। ती बुद्धिमानी मानिसहरूले यी वचनहरूबाट अभ्र वेशी ज्ञान विकास गराउँन सक्छन् र अभ्र ज्ञानी हुन्छन्। अनि त्यस्ता मानिसहरू जो समस्या समाधान गर्न निपुण छन् तिनीहरूले यी वचनहरूबाट अभ्र ज्ञानार्जन गर्छन।

६तब गुप्त अर्थहरू भएका कार्यहरू अनि भनाईहरू ती मानिसहरूका निम्ति स्पष्ट हुनेछन। रहस्यमय कुराहरू तिनीहरू बुभ्रन योग्य हुनेछन्।

७परमप्रभुलाई सम्मान गर्नु बुद्धिको शुरूवात हो। तर मूर्खहरूले* अनुशासन अनि ज्ञानलाई घृणा गर्छन्।

## उसको छोरोलाई सुलेमानले उपदेश

८हे मेरो छोरो, आफ्नो बाबुको कुरा सुन् जब उनले तिमीलाई प्रशिक्षण दिन्छन अनि आफ्नी आमाले दिएको शिक्षालाई अवहेलना नगर।

९तिम्रा आमा बाबुले तिमीलाई सिकाएका शिक्षाहरू कुनै मानिसलाई सुहाउँदो मुकुट अथवा सबैलाई अभ्र शोभायमान गराउने सुनको हार भैँ हुन।

## खराब मानिसहरूसँग संगत गर्दा चेतावनी

१०हे मेरो छोरा, केही मानिसहरू नराम्रो कर्म गर्न रूचाउँछन् अनि त्यस्ता मानिसहरूले तिमीलाई पनि नराम्रो कर्म गर्न उत्साह दिन्छन् तिनीहरूको कुरा नसुन।

११त्यस्ता मानिसहरूले भन्लान, "हामी सित आऊ, हामी लुकेर दुक्नेछौं अनि कसैलाई मार्नेछौं। हामी निर्दोष मानिसमाथि जाईलाग्नेछौं।

१२आऊ, हामी त्यस मानिसलाई जसरी चिहानले लाश निल्छ त्यसरी नै सम्पूर्णरूपले त्यसलाई निल्ने छौं, जसरी चिप्लेर कोही गहिरो खाल्डामा भ्रर्छ त्यसरी नै त्यस मानिसलाई शुन्य पार्नेछौ।

१३हामी धेरै बहुमूल्य चीजहरू लूटेर आफ्नो घर लैजानेछौँ।

१४यसकारण हामी सित आऊ अनि हामीलाई सहायता गर। हामीले लुटेर पाएको प्रत्येक चीजको भाग बराबरी बाड़नेछौ।"

१५हे मेरो छोरो, तिमी तिनीहरूको बाटोको अनुशरण नगर। त्यस्तो बाटोमा एक पाइला पनि नराख।

१६किनभने तिनीहरू पाप कर्म गर्न सधैँ अग्रसर रहन्छन् अनि तिनीहरू कसैको हत्या गर्न हतारिन्छिन्।

१७बेकारछ जाल थाप्नु जब सबै चराहरूले तिमीलाई देखिरहेका हुन्छन्।

१८यसर्थ जो मानिस निर्दोष मानिसलाई हत्या गर्न लुकेर बसेको हुन्छ, वास्तवमा त्यो मानिस त्यस्तै जालमा फँसेर मर्छ।

१९जो जो मानिसहरू भ्रष्ट कर्मद्वारा धन कमाउने लालचमा बस्छन् तिनीहरूको अन्त पनि नराम्रो प्रकारले नै हुन्छ।

## असल स्त्रीको बुद्धि

२०सुन, ज्ञान गल्लीहरूमा जोड़ले कराउँदै मानिसहरूकहाँ पुग्ने चेष्टा गर्छ। ज्ञानले शहरको सार्वजनिक स्थानहरूमा आवाज निकाल्छे।

२१ज्ञानले भीड़ गल्लीहरूमा बोलाइरहेकोछ। ज्ञान नगरको फाटकमा बसेर मानिसहरूलाई बोलाई रहन्छे। ज्ञानले भन्छे:

२२अनुभवहीन मानिसहरू। आफ्नो सरलतालाई तिमी गिल्ला गर्नेहरू, कहीले सम्म गिल्ला गरी आनन्द लिइरहने छौ। हे मुर्खहरू हो! तिमीहरूले कहिले सम्म बुद्धिलाई घृणा गरिरहने छौ।

२३यदि तिमीहरूले मेरो हण्कीलाई ध्यान दियौ भने, म जे जान्दछु तिमीलाई भन्नेछु अनि मेरो जम्मै बुद्धि सिकाउनेछु।

---

**मूर्ख** हिब्रूमा "मूर्ख" को अर्थ "अधर्मतिर लाग्ने" पनि हुन सक्छ।

२४मैले बोलाएँ तर तिमीहरूले मलाई सुनेनौ, मैले तिमीहरूको लागि आफ्नो हात अघि बढ़ाँए तर तिमीहरूले म तिर ध्यानै दिएनौ

२५र मेरा सबै उपदेशहरू सुनेनौं। मेरा हरपकीहरू अस्वीकार गर्‍यौ।

२६यसकारण तिमीहरू नाश हुँदा म हाँस्नेछु। जब तिमीहरूमाथि आपत्ति आऊँछ म तिमीहरूलाई खिसी गर्नेछु।

२७जब तिमीहरूमाथि आँधी झैँ विनाश आउँछ। जब हटात प्रकोपको भुँवरीले झैँ अत्याउँछ, जब आपात र कष्ट तिमीमाथि आउँछ।

२८तब तिमीहरूले मलाई बोलाउनेछौ र मैले जवाफ दिनेछैन्। तिमीहरूले सहायताको निम्ति मलाई खोज्नेछौ, तर मबाट तिमीहरूले सहायता पाउने छैनौ।

२९म तिमीहरूलाई सहायता गर्ने छैन कारण मैले दिएको ज्ञान तिमीहरूले लिन अस्वीकार गरेका छौ तिमीहरूले परमप्रभुको डर मान्न र उहाँलाई सम्मान गर्न अस्वीकार गरेका थियौ।

३०तिमीहरूले मेरो उपदेश सुन्न अस्वीकार गरेका थियौ। जब मैले तिमीहरूलाई सही मार्ग दर्शन गराउन खोजें त्यस वखत तिमीहरूले मलाई ध्यानै दिएनौ।

३१तिमीहरूले आफूले रोजेको जीवन शैली नै मन परायौ। दुष्ट योजनामा व्यस्त रह्यौ, तिमीहरूले मेरा उपदेश मानेनौ, यसर्थ तिमीहरूले अहिले आफ्नो कर्मको फल भोग्नै पर्छ, त्यही नै तिमीहरूले ग्रहण गर्नु पर्छ।

३२अनुभवहीन मानिसहरू बरालिन्छन् अनि मर्छन्, मुर्खहरू कुनै विषयमा चिन्तित हुदैँनन् अनि यसले तिनीहरूलाई नष्ट गर्नेछ।

३३तर त्यो मानिस जसले मलाई पछ्याउँछ ऊ सधैँ सुरक्षित रहनेछ। त्यस्ता मानिस अचानक आइपर्ने खतराहरूबाट सुरक्षित रहनेछन।

## ज्ञानका कुराहरू सुन

**२** मेरो छोरा! म जे भन्छु ग्रहण गर। मेरा आदेशहरू स्मरण गर।

२ज्ञानका कुराहरूमा ध्यान देऊ। तिम्रो समझ शिक्षाहरू तिर लगाउ।

३ज्ञानका निम्ति बोलाऊ अनि समझशक्ति पाउनलाई कराऊ।

४चाँदी खोजे झैँ ज्ञान खोज, गाड़-धन खोजे झै ज्ञान खोज।

५यदि तिमीले यसो गर्‍यौ भने परमप्रभुको डर मान्नुको अर्थ के हो तिमीले जान्न सक्ने छौ। तिमीले साँच्चैनै परमेश्वरको विषयमा जान्ने छौ।

६परमप्रभुले ज्ञान दिनुहुन्छ। बुद्धि अनि समझशक्तिहरू उहाँको मुखबाट बग्दछन।

७उहाँले असल र ईमानदार मानिसको लागि उहाँको भण्डारमा विजय साँचेर राख्नु भएको छ।

८उहाँले ती मानिसहरूको रक्षा गर्नुहुन्छ जो अरू प्रति स्वच्छ हुन्छन् उहाँले पवित्र मानिसहरूलाई पहाड़ा दिनु हुन्छ।

९यसर्थ परमप्रभुले तिमीहरूलाई ज्ञान दिनुहुनेछ अनि तिमीहरूले सही, असल र न्यायपूर्वक कुराहरू बुझ्नेछौ।

१०बुद्धि तिम्रो हृदयमा पस्नेछ अनि ज्ञान पाएर तिमीहरूको आत्मा सुखी हुनेछ।

११ज्ञानले तिमीलाई सुरक्षा दिनेछ र बुद्धिले तिम्रो रक्षा गर्नेछ।

१२ज्ञान र बुद्धिले दुष्ट मानिस झैँ भूल मार्गमा रहनबाट रोक्छ अनि दुष्टतापूर्वक बोल्नेहरूबाट बचाउँछ।

१३यस्ता मानिसहरू इमान्दारी मार्गबाट हट्छन्, तिनीहरू अँध्यारो मार्गमा हिड़छन्।

१४तिनीहरू नराम्रो कर्म गर्न रूचाउँछन् र त्यसमा आनन्द लिन्छन्।

१५तिनीहरूको मार्गमा भरोसा गर्न सकिँदैन, तिमीहरूका मार्गहरू कपटपूर्णछन। तिनीहरू झूटो बोल्छन् अनि ठग्छन्। तर तिम्रो ज्ञान र बुद्धिले तिमीलाई ती चीजहरूबाट अलग्ग राख्छ।

१६बुद्धिले तिमीहरूलाई पर-स्त्रीबाट अलग राख्छ र तिमीलाई ऊ प्रति आकर्षण गराउने मिठा कुराहरूबाट बचाउँछ।

१७जब त्यो आइमाई तरूणी थिई त्यसले विहे गरी, तर त्यसले आफ्नो लोग्नेलाई छाड़ि दिई। आफूले परमेश्वर अघि विहेको समयमा गरेको प्रतिज्ञा भूली।

१८अनि अब उसित उसको घर जाँदा उसको घरले मृत्यु सम्मुख पुर्‍याउँछ। उसको पछि लाग्ने मर्नेछ।

१९जो कोही उसको घरभित्र जान्छ उसले आफ्नो जीवन गुमाउँछ, उ जीवनको मार्ग फर्कि आउँदैन।

२०ज्ञानले तिमीहरूलाई असल मानिसहरूले गरेको कार्यको उदाहरण अनुशरण गर्न सहायता गर्छ अनि धर्मी मानिसहरूको जीवन रीतिमा बाँच्न सिकाउँछ।

२१इमान्दारी मानिसहरू तिनीहरूको भूमिमा लगातार जीउने छन् अनि दोषरहित मानिसहरू त्यहाँ बस्नेछन।

२२तर दुष्ट मानिहसहरू आफ्नो भूमि गुमाउनेछन् अनि कपटपूर्ण मानिसहरूलाई त्यस भूमिबाट हटाइनेछ।

## सही जीवन जीउनाले तिम्रो जीवन थपिन्छ

**३** हे मेरा छोरा, मेरा शिक्षाहरूलाई नभुल। मैले तिमीलाई गर्नु भनेका ती चीजहरूको सम्झना गर।

२मैले भनेका कुराहरूले तिमीलाई दीर्घ, सुखमय तथा अधिक शान्तिपूर्ण जीवन जीउन सिकाउँछ।

३प्रेम, विश्वासनीयताले तिमीलाई कहिल्यै नछाडोस्। तिनीहरूलाई आफ्नो मानसपटभमा गहिरोसित राख।

तिनीहरूलाई ती शिक्षाहरूलाई माला गुँथी गलामा लगाई राख।
४तब तिमी ज्ञानी हुनेछौ अनि तिमीले परमेश्वर अनि मानिसहरूबाट अनुग्रह पाउनेछौ।

### परमप्रभुमाथि भरोसा गर

५तिम्रो सम्पूर्ण हृदयले परमप्रभुमा भरोसा गर। तिम्रो आफ्नै बुद्धिमा मात्र भर नपर।
६तिम्रा सम्पूर्ण मार्गहरूमा परमप्रभुलाई सम्झ। उहाँले नै तिम्रा सबै मार्गहरू सोझो पारिदिनु हुनेछ।
७आफैलाई बुद्धिमानि नसोच, परमप्रभुसित डराउनु अनि दुष्कर्मबाट टाढ़ो बस्नु।
८यदि तिमीले यसो गर्‍यौ भने तिम्रो शरीरलाई त्यो औषधी हुनेछ अथवा तिम्रो शरीरलाई ताजा बनाउने कुनै पेय वस्तु झै हुनेछ।

### परमप्रभुमा अर्पण गर

९तिम्रो सम्पत्तिले परमप्रभुको आदर गर। तिम्रो सर्वोतमबाट परमप्रभुलाई चढ़ाऊ।
१०त्यस पछि तिम्रो सम्पूर्ण खाँचो पूरा हुनेछ। तिम्रा ढुकुटीहरू अन्नले भरिने छन् अनि तेरा मसकबाट दाखरस पोखिरहेको हुनेछ।

### परमप्रभुले दिनुभएको सजाय ग्रहण गर

११हे मेरा छोरा, परमप्रभुको अनुशासन स्वीकार गर अनि उहाँले दण्ड दिनु भए रीस नगर। त्यसबाट शिक्षा हासिल गर।
१२किन? आफूले माया गर्नुभएका मानिसहरूलाई उहाँले सुधार्नु हुन्छ। हो, परमेश्वर बाबु जस्तै हुनुहुन्छ जुन बाबुले आफूले माया गरेको छोरालाई सजाय दिन्छ।

### ज्ञानहरूको आशीर्वाद

१३धन्य हो त्यो मानिस जसले ज्ञान प्राप्त गर्छ। जसले विवेक हाँसिल गर्छ त्यो धन्य हो।
१४ज्ञानबाट जो लाभ हुन्छ त्यो बहुमूल्य चाँदी भन्दा असल हो। ज्ञानबाट भएको लाभ सुन भन्दा असल हो।
१५ज्ञान भौतिक मणि माणिक भन्दा अधिक मूल्यवान हो। तिमीले चाहेको बस्तुहरूमा ज्ञान भन्दा मुल्यवान अरू हुन सक्तैन।
१६ज्ञानको दाहिने हातमा दीर्घायु छ भने देब्रे हातमा धन र सम्मान छ।
१७ज्ञानका मार्गहरू आनन्ददायक हुन्छन् ज्ञान मार्गबाट शान्ति पाइन्छ।
१८ज्ञान एउटा मानिसको निम्ति जीवनको बृक्ष झैँ हो जसले उसलाई बलिय गरी समाउँछ अनि त्यसमा जो टाँसिएर रहेनछ संधै धन्य रहन्छन्।
१९परमेश्वरले ज्ञानद्वारा पृथ्वी स्थापना गर्नु भयो, र सम्झ-शक्तिद्वारा आकाश सृजना गर्नु भयो।
२०उहाँको ज्ञान द्वारा परमप्रभुले समुद्र र बादल सृजना गर्नु भयो जसबाट पानी पर्छ।
२१हे मेरा छोरा, ज्ञानलाई तिम्रो विवेकशील दृष्टिबाट ओझलमा नपार। विजयहरूमा नियालेर सोच अनि होशियारीसित योजनाहरू बनाऊ।
२२ज्ञान र समझ-शक्तिले तिमीलाई जीवन दिनेछन र यसले तिम्रो जीवन सुन्दर पार्नेछ।
२३त्यसपछि तिमी सुरक्षित बस्नेछौ र तिम्रो पतन हुनेछैन। तिमी आफ्नो मार्गमा सुरक्षित भई हिडने छौ कतै पल्टने छैनौ।
२४जब तिमी ओछ्यानमा पल्टनेछौ तिमीलाई डर लाग्दैन अनि सुत्दा घोर निद्रामा पर्नेछौ।
२५तिमी आकस्मिक विनाशमा कहिल्यै नडराउनु अथवा जुन विनाशमा दुष्ट मानिसहरू फँसिन्छन् त्यसमा कदापि नडराउनु।
२६किनभने परमप्रभु तिमीहरूको छेवैमा हुनुहुनेछ, यसर्थ उहाँले नै तिम्रो पाऊ कतै फस्न दिनु हुन्न।

### सही जीउने ज्ञान

२७जब तिमी त्यो काम गर्नु योग्य छौ, अनि जो त्यसको लागि उपयुक्त छ त्यो मानिसको लागि असल कर्म गर्नु अस्वीकार नगर।
२८जब तिमीसँग आफ्नो छिमेकीलाई आवश्यक परेको चीज छ र उसले पनि माग्छ भने, “भोलि आऊ” नभन, दिई हाल।
२९तिमीहरूका छिमेकीहरूका विरूद्ध नराम्रो योजना नबनाऊ जो तिम्रो छेउमा बस्छअनि तिमीमाथि भरोसा गर्छन।
३०कुनै कारण बिना कसैलाई अदालतमा घिस्स्याउ यदि त्यो मानिसले तिमीलाई क्षति पुर्‍याएको छैन भने।
३१उपद्रव्र गर्ने मानिसको इर्ष्या नगर, अनि उ जस्तै हुन नखोज।
३२किन? किनभने परमप्रभुले त्यस्ता मानिसलाई घृणा गर्नु हुन्छ, तर उहाँ इमान्दार मानिसहरूको मित्र हुनुहुन्छ।
३३दुष्ट मानिसको घर परमप्रभुद्वारा श्रापित रहन्छ अनि इमान्दार मानिसको घर उहाँद्वारा आशीषित हुन्छ।
३४यदि कुनै मानिस घमण्डी छ र अन्य मानिसहरूको खिल्ली उडाउछ भने परमेश्वरले त्यस मानिसलाई दण्ड दिन हुनेछ र खिसि गर्नु हुनेछ। तर नम्र मानिसहरू प्रति परमश्वर दयालु हुनुहुन्छ।
३५ज्ञानी मानिसले आदर पाउँछन, तर मूर्ख मानिसले लाज तथा अपमान मात्र पाउँछ।

## ज्ञानको महत्वपूर्ण

**४** हे मेरा छोराहरू, आफ्नो बाबुको शिक्षाहरूमा ध्यान देऊ अनि तिमीहरूले ती शिक्षाहरू बुझ्ने छौ।

२म तिमीलाई गहिरो ज्ञान दिन्छु। मैले दिएको यो शिक्षा तिमीले नत्याग।

३एक समयमा म पनि मेरो पिताको एउटा छोरा थिएँ अनि मेरी आमाको प्रिय सानो केटो थिएँ, उनको एउटै मात्र छोरो।

४अनि मेरो बाबुले मलाई यी सब कुराहरू सिकाउनु भयो। उहाँले मलाई भन्नु भयो, "मैले भनेका कुराहरू याद गर, मेरा आज्ञाहरू पालन गर, तब तिमी जीवित रहनेछौ।

५ज्ञान र समझ-शक्तिलाई प्राप्त गर। मेरो अर्तीलाई नबिर्सनु अनि मैले दिएको शिक्षाहरूलाई अस्वीकार नगर्नु।

६ज्ञानलाई नत्याग, ज्ञानलाई प्रेम गर, तब ज्ञानले तिम्रो रक्षा गर्नेछ।

७सबभन्दा महत्वपूर्ण कुरो नै ज्ञान हो। तिमीले ज्ञान प्राण्त गर्न आँफूसँग भएको सबै बेच।

८ज्ञानलाई सम्मान गर अनि यसैले तिमीलाई महान बनाउँने छ। ज्ञानलाई अँगाल यसले तिमी मा सम्मान ल्याउनेछ।

९उसले तिम्रो शिरमाथि महिमाको माला लगाई दिन्छ अनि तिमीलाई महिमामय शिरपेचले सुगोभित पार्छे।

१०हे मेरा छोरा, त्यो मैले दिएको शिक्षा सुन अनि तिमीले लामो जीवन जीउने छौ।

११म तिमीलाई ज्ञानको बाटोको शिक्षा दिइरहेको छु। अनि मैले तिमीलाई सोझोबाटोमा डोऱ्याइरहेको छु

१२जब तिमी अघि बढ्छौ, तिम्रो खुट्टा जालमा पर्ने छैन अनि जब तिमी दगुर्छौ तिमीलाई ठेस लाग्ने छैन।

१३अर्तीलाई समातिराख् अनि यसलाई जान नदेऊ। यसमाथि नजर राख किनभने ऊ तिम्रो जीवन हो।

१४दुष्ट मानिसहरूको बाटो नकुल्च अनि दुष्ट मानिसहरूको मार्गमा नहिड्।

१५यसलाई त्याग। यसलाई कटेर पनि नजाऊ! त्यसलाई तिम्रो पिठयूँ फर्काई देऊ अनि टाढ़ा हिड्।

१६दुष्ट मानिसहरू दुष्टयाई नगरी सुत्न सक्तैनन। जब सम्म कसैलाई नोक्सान पुऱ्याउँदैनन तिनीहरू निदाँउ नै सक्तैनन।

१७किनभने तिनीहरू त सबै पाप कर्मबाट नै जीवन निर्बाह गर्छन र पाशविक कमाईबाट मद्य पिउँछन् कारण पाप तथा खराब कर्म गर्न त तिनीहरूको निम्ति खानु पिउनु जत्तिकै स्वभाविक हो।

१८तर धर्मको बाटो चाँहि सूर्यको प्रभात किरण झैँ हुन्छ जसले मध्यान्न सम्म प्रकाश बढाउँदै जान्छ।

१९दुष्टहरूको चाल अत्यन्तै अन्धकारमय हुन्छ र दुष्ट मानिसले जान्दैन कि कहाँ उसले ठक्कर खाँन्छ।

२०हे मेरा छोरा, मेरा कुराहरू सुन्। मैले के भन्छु ध्यान दिएर सुन।

२१ती कुराहरूलाई सदा आफ्नो मनमा राख र तिनीहरूलाई आफ्नो सामने बाट टाढ़ा नराख।

२२मेरो शिक्षाहरूले तिनीहरूलाई जीवन दिन्छ जसले यसलाई पालन गर्छ अनि मेरा वचनहरूले शरीरमा तन्दूरूस्ती दिन्छ।

२३सबभन्दा महत्वपूर्ण कुरो के हो भने तिमीले सोच्नु पर्ने कुराहरूमा तिमी अत्यन्तै होशियारी हुनु पर्छ। किनभने तिम्रो मन तिम्रो जीवनको स्रोत हो।

२४तिम्रो मुखबाट मिथ्यापूर्ण शब्दहरू निस्कन नदेऊ। झूटो नबोल।

२५तिम्रा आँखाहरू अगि सधैँ मार्ग सोझो रहोस् र आँखाको पलकले सधैँ अगि नै ताकिरहेको होस्।

२६तिमी हिड़ेको मार्गलाई राम्ररी हेर अनि तिमीले
गरेका सबै कुरामा सुरक्षित हुनेछौ। २७दाहिने अथवा
देब्रे नर्फक, तिम्रो खुट्टाहरूलाई गल्ती मार्गमा जानबाट
रोक।

## व्यभिचारबाट जोगाऊने ज्ञान

**५** हे मेरो छोरो! तिमी मेरो ज्ञानपूर्ण शिक्षाहरूमा ध्यान देऊ। मेरा बुद्धिका वचनहरू होशियार साथ सुन।

२यी कुराहरूबाट तिमीलाई कुन असल अथवा खराब त्यो बोध भइरहनेछ र तिम्रो ओठमा ज्ञानका कुराहरू वास गरिरहन्छन्।

३कारण पर स्त्रीको मुखबाट मह टप्किन्छ अनि ओठ भद्राक्षको तेल दले झैँ चिप्लो हुन्छ।

४तर पछि परिणाम चाँहि नीमको पत्ता झैँ तीतो तथा दुई धारे तरवार जस्तै धारिलो हुन्छ।

५परस्त्रीको गोडाहरू मृत्यु तिर लम्कन्छन र उसको पाइला चिहानतिर जान्छन।

६उसको मार्गले कहाँ लगिरहेको छ त्यसले विचार गर्दिन त्यसले बाटो विराएर हिड़ेकि हुन्छे तैपनि त्यसले त्यो जान्दिन्।

## व्यभिचारले तिमीलाई नष्ट गरिदिन्छ

७यस कारण अब मेरो छोराहरू सुन! त्यो मैले दिएको उपदेशहरूबाट निलित नहोऊ।

८स्त्री देखि टाढ़ा बस अनि त्यसको घरको ढोका नजिक पनि नजाऊ।

९नत्र आफ्नो सर्वोत्तम शक्ति अर्कालाई दिनेछौ, अनि त्यस द्वारा तिम्रो सम्पूर्ण जीवनको प्राप्तिहरू निष्ठूर एउटा दुष्ट मानिसको हातहरूमा राख्ने छौ।

१०यस्तो चाँहि नहोस कि तिम्रो धनमा अरूले आनन्द भोगोस् र तिमीहरूको परिश्रमले अन्य मानिसको ढिकुटी भरियोस्।

११जब तिम्रो धन सम्पत्ति शरीर तथा आयु सब शेष हुन्छ त्यतिबेला चिन्ता गरेर रोई बस्नु पर्ला।

१२तिमीले भन्नेछौ, "अहा! मैले अनुशासनलाई किन घृणा गरें? किन मेरो हृदयले सुधारलाई अस्वीकार गऱ्यो?

१३मैले आफ्नो शिक्षकहरूको कुरा मानिन अनि उनिहरू प्रति ध्यान नै दिइन।

१४म प्राय: पूर्णरूपले ध्वंश भएको छु भनी प्रत्येकले जान्दछ।

## तिम्रो आफ्नै पत्नि सँग आनन्द गर

१५-१६तिमी आफ्नै पानीको कुवाबाट निकालेको पानी पिउने गर। तिमी आफ्नै जल श्रोतबाट स्वच्छ पानी पिउने गर। तिमी नै भन, के तिम्रो आफ्नो जल श्रोतबाट पानी बाटोमा जताततै बगोस्। तिम्रो जलश्रोतबाट निस्केको पानी बाहिर कहीँ नबगोस।

१७त्यो पानी त केवल तिम्रो हो, तिम्रो मात्र। त्यसमा कुनै विदेशीको अंश नहोस।

१८तिम्रो श्रोत धन्य रहोस् अनि आफूले तन्नेरी हुँदा विहे गरेकी पत्नीसित आनन्द रहौ।

१९ऊ एउटी सुन्दरी मृर्ग भैं होस्, एउटी प्यारी हरिणको बच्चा भैं होस्, उसका स्तनहरूले तिमीलाई सधै तृप्त पारून र उसको प्रेमले तिमीलाई सधैं बाधोस्।

२०हे मेरो छोरो, तिमीलाई किन व्यभिचारी स्त्रीले वशमा राखोस्। किन तिमीले अर्को स्त्रीको छातीलाई अंगालो हाल्नै पर्छ?

२१परमप्रभुको आँखाहरूले मानिसको बाटोहरूलाई हेरीरहन्छन्, उसले गरेको प्रत्येक चीज उहाँले देख्नु हुन्छ।

२२एकजना खराब मानिस उसले गरेको खराब कर्महरू द्वारा नै फस्छ। उसको पापले उसलाई डोरीले भैँ बाध्ने छ।

२३एकजना खराब मानिस अनुशासनको अभावले मर्नेछ। उसको ठूलो मूर्खताले उसलाई पथभ्रष्ट बनाउँछ।

## कुनै मानिसलाई ऋण लिन सहायता गर्दा खतरा

६ हे मेरो छोरो! यदि तिमी छिमेकीको ऋणको लागि जमानी बसेको भए अथवा त्यसले आफ्नो ऋण तिर्न नसकेकोमा आफूले तिर्ने वचन दिएको भए,

२तिमी तब जालमा फँस्यौ, तिमी आफ्नै प्रतिज्ञामा आफै पक्राउ पऱ्यौ।

३तिमी तिम्रै छिमेकीको नियन्त्रणमा पऱ्यौ, यसकारण फेरि पनि जाऊ अनि तिम्रो छिमेकि सँग क्षमा माग।

४अलिकति समय पनि नपर्ख अथवा नसुत।

५मृग एउटा सिकारीबाट भागे भैँ अथवा त्यो एउटा चरा जालबाट उम्के भैँ तिमी आफैलाई रक्षा गर।

## अल्छी हुँदा खतरा

६हे अल्छी मानिस हो, तिमी एक कमिला भैँ मेहनती हुनु पर्छ। हेर, कमिलाले कति मेहनत गर्छ, यसर्थ कमिलाबाट सिक।

७कमिलाहरूका कुनै सेनाध्यक्ष, पदाधिकारी या शासक हुँदैन।

८तर ग्रीष्म ऋतुमा कमिलाले आफ्नो निम्ति खाना बटुल्छ, जम्मा गरेर राख्छ र कटनीको समयमा त्यसको निम्ति प्रशस्त खाना रहन्छ।

९हे अल्छी मानिसहरू हो! कहिले सम्म पल्टि रहन्छौ? कहिले तिमीहरू आफ्नो निद्राबाट उठ्छौ।

१०अल्छे मानिसले भन्छ, "केही क्षणको निम्ति अझ सुतौं। हाम्री एक छिन सुतौ, हाम्रा हातहरूलाई केही क्षण आराम दिऊँ।।"

११अनि उसको गरिबी एउटा डाँकू भैं, आँउछ र उसको अभाव एक योद्धा भैँ आउँछ।

## दुष्ट मानिस

१२एक दुष्ट अनि नीच मानिस जहाँ गएता पनि भूटो बोल्छ अनि

१३उसले मानिसहरूलाई छक्क्याउन आँखा झिम्क्याउँछ खुट्टा हल्लाएर तथा हातको औली द्वारा इशारा गर्छ।

१४उसको विचार छलपूर्ण हुन्छ, उसले खराब योजनाहरू बनाउँछ, उसले सबै समयमा तर्क गर्छ।

१५तर अचानक बिपदले उसलाई आधात गर्छ, उसलाई चोट लाग्छ अनि यस चोटबाट ऊ निको हुने छैन।

## सातवटा कुराहरू जुन परमेश्वर घृणा गर्नुहुन्छ

१६परमेश्वरले छ वटा कुराहरूलाई घृणा गर्नुहुन्छ, सात वटा जो घृणित छन।

१७आँखाहरू जसले मानिसलाई घमण्डी दर्शाउँछ, जिब्राहरू जसले भूटो बोल्छ, हातहरू जसद्वारा निर्दोष मानिसको हत्या गर्छ, हृदय जहाँ दुष्ट कर्म गराउने योजनाहरू बनिन्छन् गोड़ाहरू जुन दुष्ट कर्मको निम्ति दौड़न्छन्।

१८त्यो मानिस जसले अदालतमा भूटो बोल्छ। त्यो मानिस जो दाज्यू भाइहरूको बीचमा झगडा लगाउँछ।

१९नीतिवचन तथा अरु कहीं पनि जहाँ सात कुराहरू भनिएकोछ, ती सात कुराहरू यी नै भनी कुनै निश्चय छैन। तर सात भन्दा धेरै नै भनिएकोछ। जहाँ सात होइन आठ भनिन्छ, त्यसको अर्थ धेरै भन्दा पनि अझ धेरै मानिनु पर्छ।

२०हे मेरो छोरो, आफ्नो बाबुको आज्ञाहरू स्मरण गर अनि तिम्री आमाले दिएको शिक्षाहरूलाई इन्कार नगर।

२१उनीहरूले भनेका वचनहरू सधैँ हृदयमा राख, तिनीहरूलाई तिम्रो गला वरिपरि बाँधेर राख।

२२जब तिमी अगि बढ्ने छौ त्यति बेला ती वचनहरूले तिम्रो मार्गदर्शन गर्नेछ। जब तिमी सुत्छौ, तिनीहरूले तिम्रो रक्षा गर्नेछन र जब तिमी जाग्छौ ती बचनहरू तिमीसित कुरा गर्नेछन्।

२३किनभने यी आज्ञाहरू चाहिँ बत्ती र यी शिक्षाहरू चाही ज्योति हुन। तिम्रा आमा बाबुका शिक्षाहरूले तिमीलाई सही मार्गमा डोऱ्याउनेछ। ती शिक्षाहरूले तिम्रो जीवन सुधार्नेछ अनि जीवनको सही मार्गमा हिड्न तिमीलाई प्रशिक्षण दिनेछन्।

२४तिनीहरूको शिक्षाले तिमीलाई अपवित्र आइमाईकहाँ जानु अवरोध पुऱ्याउनेछ अनि व्यभिचारी स्त्रीको चिप्ल्याईबाट बच्नेछौ।

२५उसको सुन्दरताको इच्छा तिम्रो मनमा नगर अनि उसको आँखाको जादूमा बन्दी नबन।

२६एउटी वेश्याले तिमीबाट एक टुक्रा रोटीको दाम लिनु सक्छे, तर अर्काकी पत्नीले तिम्रो जीवन नै ध्वंश गरिदिन्छे।

२७जल्दै गरेको आगो के एउटा मानिसले उसको काखमा राख्दा उसको लुगा चाहि जल्दैन?

२८एउटा मानिस बल्दै गरेको कोइला माथि हिड्न सक्छ अनि उसको खुट्टा चाहि जल्दैन के यस्तो हुन सक्छ?

२९जो कोही मानिसको लागि पनि त्यस्तै हुन्छ जब ऊ अन्य मानिसको पत्नीसित ओछ्यानमा सर्म्पक राख्छ। त्यस मानिसले दु;ख भोग्ने छ।

३०-३१कुनै चोर भोकले चुर भएर यदि आफ्नो ज्यान बचाउनको निम्ति चोरी गऱ्यो भने, मानिसहरूले त्यसको त्यति निन्दा गर्दैनन। तर पनि त्यो मानिस चोर्दै गर्दा पक्राउ पऱ्यो भने उसले चोरी गरेको परिणाम भन्दा सात गुणा वेशी तिर्नु पर्छ, चाहे यसरी तिर्नु पर्दा उसको घरको सम्पूर्ण सम्पत्ति नै किन शेष नहोस्।

३२तर जो मानिसले अर्काको पत्नीसित यौन सम्बन्ध राख्छ त्यसको विवेक हुँदैन उसले आफ्नै मात्र विनाश ल्याउँछ।

३३उसले पिटाइ अनि बेइज्जत पाउँछ, अनि उसको नराम्रो नाम कहिले टाढ़ा जादैन।

३४त्यस पर स्त्रीको लोग्ने ईर्ष्याले क्रोध जगाउँछ अनि जब उसले त्यस मानिसमाथि बदलाको भाव राख्छ तब उसको हृदयमा त्यो मानिसप्रति दया कहिल्यै जाग्दैन।

३५त्यस स्त्रीको लोग्नेले कुनै प्रकारको क्षतिपूर्ति ग्रहण गर्दैन जति सुकै पैसादिएर पनि त्यसलाई मनाउन सकिँदैन।

### ज्ञानले तिमीलाई व्यभिचारिणीबाट टाढ़ा राख्छ

७ हे मेरो छोरो! मेरा सल्लाहहरू सम्भिफ राख। मेरा आज्ञाहरू बहुमूल्य सम्पत्ति भैँ संचय गरिराख। २तिमीले मेरा आज्ञाहरू पालन गऱ्यौ भने तिमी बाँच्नेछौ। मेरो सल्लाहलाई आँखाको नानी भैं जोगाई राख। ३तिनीहरू तिमीले आफ्नो औँलीहरूमा बाँधेर राख अनि हृदयमा लेखेर राख। ४ज्ञानलाई भन: "तिमी मेरी बहिनी हौ; समभ्कशक्तिलाई भन, "तिमी मेरो आफन्त हौ!" ५तब तिमीलाई तिनीहरूले अर्को मानिसको चिप्लो कुरा गर्ने पत्नीसँग शारीरिक सम्बन्ध हुनबाट बचाउँछ।

६एकदिन मैले मेरो घरको भ्र्यालबाट हेरें, मैले धेरै ठिटाहरूलाई देखें ७अनि तिनीहरू मध्ये एकजनालाई ध्यान दिएँ त्यो एकदमै मूर्ख रहेछ। ८त्यो केटो त्यस्तै एउटी स्त्रीको घरको छेउबाट गइरहेको थियो। उ उसको घरको दिशातिर अगि बढ़िरहेको थियो। ९अस्ताँउने घामले गोधुली बेलालाई डक्दै थियो। रात आफ्नो अन्धकारसँग आउँदै थियो। १०त्यसै समयमा कुनै एउटी स्त्री उसलाई भेट्न आई। उसले एउटा वेश्याले भैं लुगा लगएकी थिइ र उ एकदमै धूर्त थिइ। ११ऊ उच्च स्वरकी अनि विद्रोही थिइ। ऊ उसको घरमा वस्नु चाहन्दैन् थिइ। १२त्यो स्त्री कहिले गल्लीमा, कहिले चोकहरूमा तन्देरी केटाहरूलाई फँसाउन कुना काप्चाहरू तिर लुकेर बस्थी। १३उसले त्यस केटोलाई समाती र चुम्बन खाई अनि निर्लज्जा रूपमा उसको आँखामा हेर्दै भनी, १४"आज मैले मेलबलि चढ़ाउनु पर्छ। कारण मैले आज आफ्नो भाकल पूरा गरें। त्यसको केही भाग घर लगें र आज मसित खानेकुराहरू प्रशस्त छन्। १५यसैकारण म तपाईलाई खोज्न बाहिर निस्केर आइरहेकी थिँए अनि अहिले तपाईलाई भेटें। १६मैले मेरो ओछ्यानमा मिश्रदेशको रंगीन च्यादरले सजाएकिछु। १७मैले मेरो ओछ्यान माथि, मूर्, एलवा, दालचिनी अनि सुगन्धित अत्तर छर्केकीछु। १८म सित आऊ, रात भरी हामी प्रेमको आलिंगनमा बाँधिएर आनन्दमा विभोर भई भोग गरौं। १९मेरो पति घरमा छैनन्, तिनी धेरै लामो यात्रामा गएका छन्। २०तिनी आफ्नो थैली भरी पैसा बोकेर गएका छन अनि यो तोकीएको दिन सम्म फर्केर आँउदैनन्।"

२१त्यस स्त्रीले उसलाई फँसाउन यी शब्दहरूको व्यवहार गरी अनि त्यो मूर्ख केटो फस्यो। २२उसले त्यस आइमाईलाई पछ्याउँछ र एक्कासि ऊ कसाइखाना तिर लगिदै गरेको साँढ़े भैँ हुन्छ। ऊ धनुषकाँड़ले कलेजो छेड़ेको मृग भैँ भएको छ। ऊ जस्तै जालमा फस्न उड़िरहेकोछ।

२३तर उसलाई थाहा छैन कि यसको लागि उसले
आफ्नो जीवन दिने छ।
२४अब हे मेरा छोराहरू हो, मेरो कुरा सुन, मेरो
बचनहरूमा ध्यान देऊ। २५तिम्रो हृदयलाई उसको मार्ग
तिर डोर्‍याउन नदेऊ त्यो बाटो तिर नफर्क। २६त्यसले
धैरे शिकारलाई लड़ाएकी छ, त्यसले अनगन्ती
मानिसहरूलाई मारेकी छिन्। २७त्यस स्त्रीको घरले
चिहानतिर डोर्‍यारिरहेको हुन्छ र त्यसलाई पच्छ्याउनेहरू
मृत्यको मुखमा पर्छन।

## ज्ञान नै असल स्त्री हुन्

८ के ज्ञानले तिमीलाई बोलाउँदैन र? के समझशक्तिले
तिमीलाई ठूलो स्वरमा बोलाएको छैन र?
२ऊ आग्लो ठाउँहरू माथि उभिन्छे जहाँबाट दोबाटो
देखिन्छ।
३ऊ शहरको प्रवेशद्वार नजिक छिन उनले खुल्ला
ढोकाहरूबाट बोलाइरहेकी छिन्।
४ज्ञानले भन्छ, "हे मानिस हो, म तिमीहरूलाई
आहवान गर्दछु, म सबै मानिसहरूलाई बोलाउँदैछु।
५तिमीहरू जो अनुभवी छैनौ भने ज्ञानी हुन सिक।
हे मूर्खहरू हो, बुझ्न शिक।
६तिमीहरू सुन, म जुन कुराहरू सिकाउँछु, तिनीहरू
महत्वपूर्ण छन्। जुन कुराहरू सही हुन, तिनीहरू नै
भन्छु।
७मेरा वचनहरू सत्य हुन। किनभने मेरा ओठहरूले
मिथ्यालाई घृणा गर्छन्।
८मेरो मुखबाट निस्केका सबै वचनहरू सही तथा
न्यायपूर्ण हुन्छन् अनि कुनै पनि भ्रमित तथा झूटो
हुँदैन।
९यी सब भनाईहरू सुझबुझ हुने मानिसहरूको लागि
स्पष्ट छन् अनि ज्ञानी मानिसहरूको निम्ति तिनीहरू
सरल अग्रिम छन।
१०मैले दिएका उपदेशहरू स्वीकार गर, कारण
तिनीहरू चाँदी भन्दा असल छन्, अनि बहुमूल्य सुन
लिनु भन्दा ज्ञान-बुद्धि लिनु नै उत्तम हो।
११ज्ञान मोतीहरू भन्दा अझ उत्तम हो। ज्ञान
मानिसले चाहाने ती सवै चिजहरू भन्दा असल हो।"

## ज्ञानले के गर्छ

१२"म ज्ञान हुँ। अनि म विवेकसँग बस्छु। तिमीले
मलाई विद्या अनि राम्रो योजना सँग पाउँन सक्छौ।
१३परमप्रभुको डर मान्नु नै दुष्टतालाई घृणा गर्नु
हो। अभिमान, अहंकार, कुटिल व्यवहार अनि छलपूर्ण
बोलीलाई म घृणा गर्छु।
१४म सँग राम्रो सल्लाह अनि स्वास्थ्य ज्ञान छ। म
सँग समझशक्ति अनि सामर्थ्य छन्।
१५मेरै सहायतामा राजाहरूले राज गर्छन्, अनि
शासकहरूले उचित कानून बनाउँछन् जुन सही र
न्यायपूर्ण हुन्छ।
१६राजकुमारहरू, राजकीय मानिसहरू, निष्पक्ष न्याय
घोषणा गर्नेहरूले आफ्नो काम म द्वारा गर्छन्।
१७म ती मानिसहरूलाई प्रेम गर्छु, ज-जसले मलाई
प्रेम गर्छन् अनि यदि मानिसहरूले मलाई चेष्टा गरेर
खोज्छन् भने तिनीहरूले मलाई भेट्ने छन्।
१८धन दौलत र आदर मसित रहन्छ, म अनन्त धन
अनि साचो सफलता प्रदान गर्छु।
१९मैले दिएका भेटीहरू शुद्ध चाँदी भन्दा असल
छन औ म जुन चीज दिन्छु तिनीहरू अकबरी सुनभन्दा
असल हुन्छन।
२०म मानिसहरूलाई सही मार्गमा डोर्‍याँउछु, म
तिनीहरूलाई सही न्यायले चल्ने पथमा डोर्‍याँउछु।
२१मलाई मन पराउनेहरूलाई सम्पत्ति दिन्छु, हो, म
तिनीहरूको घर नै सम्पत्तिले भरिदिन्छु।
२२परमप्रभुले उहाँको प्राचीन कार्यहरू भन्दा पहिला
सृष्टिको प्रारम्भमा नै मलाई बनाउनु भयो।
२३यो संसार सृजना गरिनु भन्दा पहिला अस्मरणीय
आनन्द कालमा मेरो सृजना भयो।
२४जब त्यहाँ भूमध्यसागर थिएन, म जन्मिएको
थिए। पानीले भरिएको महानहरू भन्दा पहिला म
जन्मिएको थिए।
२५पर्वतहरूलाई तिनीहरूको ठाउँमा राख्नु भन्दा
अघि, पहाड़हरू हुन भन्दा अघि, म जन्मिएको
थिएँ।
२६परमप्रभुले पृथ्वी रच्नु भन्दा पहिल्यै, खेत सृजना
गर्नु भन्दा पहिल्यै, पृथ्वीमा पहिलो धूलो बनाउँनु भन्दा
अघि नै, म त्यहाँ थिएँ।
२७जब परमप्रभुले आकाश सृष्टि गर्नु भयो, म
त्यहाँ थिए। जब परमप्रभुले क्षितिजहरूको चित्रसागरको
प्रतिबिम्ब माथि कोर्नु भन्दा पहिला म त्यहाँ थिएँ।
२८जब उहाँले आकाशमा बादल राखेर महा सागर
सृष्टि गर्नु भन्दा पहिला म जन्मेको थिएँ।
२९उहाँले समुद्रको सिमाना तोक्दा उहाँको आज्ञा
नाघी पानी बाहिर नजाओस भनी उहाँले पृथ्वीको जग्
बसाउँनु हुदा।
३०म उहाँको छेउमा एउटा प्रिय बालक झैं थिएँ।
म दिन प्रति दिन उहाँको खुशीयालिमा थिएँ। हर समय
उहाँको उपस्थिमा निरन्तर आनन्द मनाउँथें।
३१म वहाँले सृष्टि गर्नु भएको संसारमा आनन्द
लिन्छु, म मानव जातिमा खुशी लिन्छु।
३२अनि अब, हे मेरो छोराहरू, मलाई सुन! ती
मानिसहरूले भाग्यमानी हुन् जो मैले देखाएको बाटोमा
हिड़छन्।
३३मेरो शिक्षाहरूलाई सुन अनि ज्ञानी बन, तिनीहरूलाई
अस्वीकार नगर।

३४जुन मानिसले मेरो कुरा सुन्छ, त्यही मानिस नै भाग्यमानी हुनेछ, जसले दिनहुँ मेरो ढोकामा आँखा लगाइरहन्छ, जसले मेरो ढोकाको संघार पर्खिरहन्छ। तिनीहरूनै धन्य हन्छन्।

३५किनभने जसले मलाई पाउँछ, उसले जीवन पाँउछ। अनि उसैले परमेश्वरबाट अनुग्रह पाउँछ।

३६तर जसले मेरो बिरूद्ध पाप गर्छ, उसले आफैलाई हानी पुर्‍याँउछ। जो कोहीले मलाई घृणा गर्छ उसले मृत्युलाई प्रेम गर्छ।"

## ज्ञान र मूर्खता

९ ज्ञानले आफ्नो घर बनाई। उसले त्यस घरमा सातओटा खम्बाहरू खड़ा गरी।

२उसले मासु पकाई अनि त्यसपछि दाखरस बनाई। उसले खाना टेबिलमाथि राखी।

३तब उसले उसको सेविका केटीहरूलाई शहरको अग्लो ठाउँमा मानिसहरूलाई निम्त्याउन पठाई।

४तिमी मानिसहरू ज-जसलाई सिक्न आवश्यक छ, आओ। उसले मूर्ख मानिसहरूलाई पनि निम्त्याउन भनी।

५आओ, अनि मेरा ज्ञानका भोजन खाओ। अनि दाखरस पनि पिओ जुन मैले तयार पारेकी छु।

६अनुभवहीनता तिम्रो पछि छोड़ अनि समझशक्ति भएको बाटोमा हिंड़े।

७अरूलाई अपमान गर्नेहरूलाई सुधार्न खोज्ने मानिस आफै अपमानित हुन्छ र जसले दुष्टमानिसलाई हप्काउँछ उसलाई हानी हुन्छ।

८अरूलाई अपमान गर्ने मानिसलाई तिमीले कहिल्यै पनि नझपार्नु नत्र उसले तिमीलाई नै घृणा गर्न थाल्छ। तर यदि तिमीले कुनै ज्ञानी मानिसलाई हप्कायौ भने उसले तिमीलाई प्रेम गर्न थाल्नेछ।

९ज्ञानी मानिसलाई अर्ती दियो भने उ अझैं ज्ञानी हुन्छ। त्यसरी नै एउटा धर्मी मानिसलाई सिकायो भने उसले ज्ञान धेरै बढ़ाउनेछ।

१०परमप्रभुलाई आदर गर्नुको अर्थ ज्ञान प्राप्त गर्ने पहिलो पाइलो हुन्छ, अनि पवित्र परमप्रभुको ज्ञान नै समझशक्ति हो।

११किनभने तिम्रो आयु बढ़ने, दिन समय बढ़नु र तिम्रो जीवनमा बर्षको बर्ष बढ़ेर जानु मबाट नै हुन्छ।

१२यदि तिमी बुद्धिमान छौ भने तिमी आँफैले लाभ उठाउने छौ। तर यदि तिमी ठट्टा गर्छौ भने तिमी आँफैले दुःख पाउनेछौ।

१३मूर्खता यस्तो आइमाई हो जसले खुब कुरा गर्छे तर ऊ मूर्ख हो, र केही पनि जान्दिन।

१४उ उसको घरको दैलोमा, बसीरहन्छे शहरको सबैभन्दा अग्लो स्थानमा भएको आसन माथि बस्छे।

१५उसको अगाड़ीबाट जो आफ्नो सोझो बाटो गइरहेको हुन्छ उसलाई बोलाएर भन्छे,

१६अरे हे बुद्धि नभएकाहरू हो, यहाँ मित्र आऊ।" उसले तिनीहरूलाई भन्छे जोसँग चेतना नै छैन।

१७"चोरेको पानीको स्वाद अझ मिठो हुन्छ, चोरेको खाना साच्चै स्वादिष्ठ हुन्छ।"

१८मूर्ख मानिसहरूले जान्दैनन् कि तिनका घर भूतहरूले पूर्ण छ अनि तिनले तिनीहरूलाई चिहानको गहिरो भागमा निमन्त्रण गरेको छन्।

## सुलेमानका हितोपदेशहरू

१० एकजना बुद्धिमानी छोरोले आफ्नो बाबुलाई आनन्द दिन्छ भने, एक मूर्ख छोरोले आफ्नी आमालाई कष्ट दिएको हुन्छ।

२खराब काम गरी कमाएको धन सदाको लागि व्यर्थ हुन्छ इमान्दारीताले मानिसहरूलाई मृत्युबाट बचाउँछ।

३परमप्रभुले धर्मीहरूलाई भोकै राख्नु हुन्न तर उहाँले दुष्ट मानिसको लालसालाई पनि विरोध गर्नु हुन्छ।

४अल्छी मानिसले दरिद्रता निम्त्याँउछ भने, एक मेहनती मानिस धनी हुन्छ।

५ग्रीष्म ऋतुमा जसले अन्न जम्मा गरेर राख्छ त्यो ज्ञानी मानिस हो तर जुन मानिस कटनीको समयमा सुत्छ त्यसले शरम ल्याउँछ।

६ईमानदार मानिसको शिरमाथि आशीषहरू वर्षन्छन, तर दुष्ट मानिसको मुखबाट घृणित कुराहरू मात्र निस्कन्छन्।

७एकजना इमान्दार मानिसको स्मरण आशीर्वादको श्रोत हो तर दुष्ट मानिसको नामबाट दुर्गन्धि आँउछ।

८एकजना ज्ञानी मानिसले आज्ञाहरू पालन गर्छ। तर तर्क गर्ने मूर्खले आफैलाई नासमा पुर्‍याउँछ।

९ईमानदार मानिस सदा सर्वदाको लागि सुरक्षित भई रहन्छ भने एउटा दुष्ट मानिस अवश्य पतन हुन्छ।

१०सच्चाई लुकाउने मानिसले दुःख ल्याउँछ। खुलासँग बोल्ने मानिसले शान्ति ल्याउँछ।

११इमान्दार मानिसको मुख जीवनको स्रोत हो, तर मूर्ख मानिसको मुखबाट घृणीत कुराहरू मात्र निस्कन्छन्।

१२घृणाले झगड़ा उत्पन्न गराउँछ, तर प्रेमले सबै अपराधहरूलाई क्षमा गर्छ।

१३बुद्धि ज्ञानी मानिसहरूको मुखमा पाइन्छ, तर मूर्खलाई उसको पीठयूँमा लट्ठीले हिर्काइन्छ।

१४बुद्धिमानी मानिसहरूले ज्ञानलाई संचय गर्छन, तर मूर्खको बोलीले आपद विपदहरू मात्र बोलाउँछ।

१५धनी मानिसलाई धनले रक्षा गर्छ तर दरिद्रताले गरीब मानिसहरूलाई नष्ट पार्छ।

१६एकजना इमान्दार मानिसले जे कमाउँछ, त्यसले जीवन प्रदान गर्छ, तर दुष्ट मानिसको कमाईहरू पापको निम्ति प्रयोग हुन्छ।

१७आफूले भोगेको सजायबाट जुन मानिसले शिक्षा लिन्छ उसले अन्य मानिसहरूलाई पनि बाँच्नु सिकाँउछ। तर जुन मानिसले सजायबाट शिक्षा लिनु अस्वीकार गर्छ त्यसले अरूलाई पथभ्रष्ट बनाई दिन्छ।

१८जसले आफ्नो घृणा लुकाएर राख्छ, त्यो कपटी हो र जसले आफूले फैलाउनु सक्ने कथाहरू मात्र खोज्छ त्यो मूर्ख हो।

१९धेरै बोल्ने मानिसले प्रायः समस्या उबजाउँछ, तर चुपचाप रहने मानिस विवेकी हुन्छ।

२०इमान्दार मानिसको मुखबाट निस्केका शब्दहरू निखुर चाँदी झैँ अमूल्य हुन तर नराम्रो मानिसका विचारहरूको मूल्य हुँदैन।

२१इमान्दार मानिसका वचनहरूले धेरै मानिसहरूलाई सहायता गर्छ, तर एउटा मूर्खको मूर्खयाँईले उसलाई मार्छ।

२२परमेश्वरको आशीर्वादले धन सम्पत्ति ल्याउँछ अनि उहाँले यसमा कष्टहरू थप्नु हुन्न।

२३एउटा मूर्ख मानिस दुष्कर्ममा रमाउँछ, तर समझदार मानिस ज्ञानमा खुशी हुन्छ।

२४दुष्ट मानिसहरू जे कुरामा डराउनछन् तिनीहरूलाई त्यहि हुन्छ तर एउटा धर्मी मानिसले जे चिताँउछ त्यहि प्राप्त गर्छ।

२५आँधी-बेहरीले उड़ाएर लगे झैं दुष्ट मानिसहरू एक क्षणमै नष्ट हुन्छन, तर धर्मी मानिस अनन्तसम्मै दृढ़ रहिरहन्छ।

२६जसले अल्छी मानिसलाई काम अह्राएर पठाउँछ उसलाई दाँतमा अमिलो सिरका परे झैँ र आखाँमा धूवाँ लागे झैँ हुन्छ।

२७परमप्रभुको भयले मानिसको आयु बढाइ दिन्छ, तर दुष्ट मानिसको आयु घट्नेछ।

२८धर्मी मानिसका आशाहरू खुशीमा अन्त हुन्छन, तर दुष्ट मानिसहरूकाा आशाहरू शुन्यमा अन्त हुन्छ।

२९परमप्रभुको मार्ग धर्मी मानिसहरूको लागि शरणस्थान हो, तर दुष्ट मानिसहरूको लागि विध्वंस हो।

३०धर्मी व्यक्ति कहिले डग्मगाउदैन तर दुष्ट मानिसहरू पृथ्वीमा टिक्ने छैनन।

३१धर्मी मानिसले ज्ञानको उच्चारण गर्छ, तर एउटा कुटिल जिब्रो काटिनेछ।

३२एकजना धर्मी मानिसले ग्रहणयोग्य कुरा बोल्न जान्दछ तर एकजना दुष्ट मानसिले यस्ता मात्रै शब्द बोल्छ जसले दुःख दिन्छ।

**११** केही ठग मानिसहरू त्रुटिपूर्ण तराजुहरू प्रयोग गर्छन। परमप्रभुले त्यस्तो व्यवहार गर्नेहरूलाई घृणा गर्नु हुन्छ तर सही ओजन गर्नेहरूलाई उहाँले मन पराउनु हुन्छ।

२अपमान घमण्डसँग आँउछ, तर ज्ञान नम्रता सँगै आउँछ।

३ईमानदार मानिसहरूलाई आफ्नो इमान्दारीले पथ-प्रदर्शन गराउँछ, तर विश्वासघातीहरूलाई तिनीहरूको दुष्टताले नै सर्वनाश गराउँछ।

४धनले मानिसहरूलाई परमेश्वरको न्याय दिनमा सहायता गर्नु सक्दैन, तर धार्मीकताले मानिसलाई मृत्युबाट रक्षा गर्छ।

५निर्दोष मानिसहरूको धार्मीकताले तिनीहरूको मार्ग सिधा बनाउँछ, तर दुष्ट मानिसलाई उसले गरेका दुष्टकार्यहरूले ध्वंश पार्नेछ।

६सोझो मानिसहरूको धार्मीकताले तिनीहरूलाई बचाउँछ, तर अविश्वासीहरू तिनीहरूको खराब अभिलाषा द्वारा नै ध्वंश हुन्छन्।

७जब एकजना दुष्ट मानिस मर्छ उसको कुनै आशा हुँदैन। उसले आशा गरेका प्रत्येक चीज सकिन्छ र यसको मुल्य हुँदैन।

८धर्मी मानिसलाई कष्टबाट बचाइन्छ, तर बदलामा त्यो कष्ट दुष्ट माथि आइ पर्छ।

९अधर्मी मानिसले आफ्नो छिमेकीलाई वचनले नै आघात तुल्याउँछ, तर धर्मी मानिसहरू ज्ञान द्वारा बचाइन्छन्।

१०जब धर्मी मानिसहरूले उन्नति गर्छन सम्पूर्ण शहर नै आनन्दित हुन्छ। तर जब दुष्टहरूको ध्वंश हुन्छ मानिसहरू आनन्दमा कराउँछन्।

११ती धार्मिक मानिसहरूले उनीहरूको शहरलाई आशीर्वाद दिन्छन् त्यो शहरको उन्नति हुन्छ, तर दुष्टहरूले भनेका कुराहरूले शहर ध्वंश हुन्छ।

१२असल समझ नभएकाहरूले आफ्ना छिमेकीहरूको विषयमा विरोधी कुरा गर्छन, तर समझदार मानिसहरूले आफ्नो जिब्रोलाई नियन्त्रणमा राख्छन्।

१३अविश्वासी मानिसले अरुको गोप्य कुराहरू जताततै भनि हिड़्छ, तर एउटा विश्वासनीय मानिसले ती कुराहरू गोप्य राख्छ।

१४मार्गदर्शन सही नभएको खण्डमा एउटा राष्ट्र नष्ट हुन्छ, तर धैरै सल्लाहकारहरू भए विजय आउँछ।

१५नचिनेको मानिसको निम्ति जमानी बसे कष्ट भोग्नु पर्छ तर यदि तिमी त्यस्तो काममा संलग्न भएनौ भने, तिमी सुरक्षित रहनेछौ।

१६एउटी दयालु तथा भद्र स्त्रीले आदर पाउँछे तर निर्दयी मानिसले सम्पत्ति मात्र आर्जन गर्छ।

१७दयालु मानिसले केही कर्म गर्दा उसको हित हुन्छ, तर दुष्ट मानिसको कर्मले उसैलाई सङ्कष्ट गराउँछ।

१८दुष्ट मानिसले अरूलाई ठग्छ र तिनीहरूबाट पैसा लिन्छ तर एक धार्मिक मानिसले सही कर्म गर्छ अनि उसले वास्तविक इनाम पाउँछ।

१९साँचो धार्मिक मानिसले जीवन ल्याउँछ, तर दुष्ट मानिसहरू दुष्टताको पछि लाग्छन अनि मर्छन।

२०कुटिल हृदय भएका मानिसहरूलाई परमप्रभुले घृणा गर्नुहुन्छ तर ईमान्दार जीवन जीउने मानिसहरू सित उहाँ खुशी हुनुहुन्छ।

२१यो सत्य हो कि दुष्ट मानिसहरूले सजाय पाउँने छन् तर धर्मी मानिसहरूले तिनीहरूको संन्तानहरूलाई मुक्त पार्नेछन्

२२एउटी सुन्दरी तर मूर्ख आइमाई, सुँगुरको नाकमा शुद्ध सुनको बुलाकी जस्ती हो।

२३जब धर्मी मानिसहरूले तिनीहरूले इच्छा गरेको चीजहरू पाँउछन्, यसले असल चीजहरूमा डोरयाउँछ तर जब दुष्ट मानिसहरूले चाहेको चीजहरू तिनीहरूले पाँउछन् त्यसले कष्ट मात्र गराउँछ।

२४त्यहाँ एकजना मानिस छ जसले उदारहातले दिन्छ तर उसले धेरै पाउँदै जान्छ अनि त्यहाँ अर्को मानिस छ जसले दिन पर्ने चीज दिन अस्वीकार गर्छ तर ऊसँग सामान कम्ति कम्ति हुँदै जान्छ।

२५उदार मानिसले उन्नति गर्छ अरूको तिर्खा मोटाउने मानिसको आफ्नो पनि तिर्खा मेटिन्छ।

२६एकजना मानिस जसले अन्न बेच्न अस्वीकार गर्छ* उसले सराप पाउँछ। तर जसले इच्छा र इमान्दारी पूर्वक बेच्छ उसले आशिर्वाद पाउँछ।

२७एउटा मानिस जसले असल गर्न चेष्टा गर्छ, ऊ जनप्रिय हुनेछ, तर जसले दुष्ट कर्म मात्र गर्छ उसले पनि खराबी नै सामना गर्नु पर्छ।

२८जसले आफ्नो सम्पत्तिमा भरोसा गर्छ त्यो सुकेको पात झैं झर्छ। तर असल मानिस नयाँ पालुवाको हरियो पात झैं बढ्छ।

२९यदि कुनै मानिसले आफ्नो परिवारमा कष्ट पुर्‍याउँछ भने उसले पैतृक सम्पत्तिको अधिकार प्राप्त गर्दैन। अनि आखिरमा त्यस मूर्ख मानिसलाई ज्ञानी मानिसको सेवा गर्ने बनाइन्छ।

३०धर्मी मानिसले गरेको कर्मफल "जीवनको वृक्ष" जस्तो हो, अनि ज्ञानी मानिसले आरूलाई नयाँ जीवन दिन्छन्।

३१यदि एकजना धर्मी मानिसलाई अफूले पृथ्वीमा गरेको राम्रो कामको फल प्राप्त हुन्छ।

१२ एकजना मानिस जसले अनुशासनलाई प्रेम गर्छ उसले त ज्ञानलाई त्यसै माया गर्छ, तर जसले सुधारलाई घृणा गर्छ, त्यो त पटमूर्ख हो।

२असल मानिसले परमप्रभुबाट अनुग्रह पाउँछ, तर एउटा धूर्त मानिसले दण्ड मात्र पाउँछ।

३दुष्टता द्वारा कसैलाई पनि सुरक्षित बनाउँनु सकिंदैन, तर धर्मी मानिसहरूको जरा उखाल्नु सकिंदैन।

४एक योग्य पत्नी आफ्नो पतिको निम्ति शिरको मुकुट हो, तर पति माथि अपमान ल्याउने गृहिणी लोग्नेको शरीरमा मवकाउँदै गरेका हड्डीहरू जस्ती हो।

५धर्मी मानिसहरूको योजनाहरू न्याय संगत हुन्छन्, तर दुष्टहरूको सल्लाह छलपूर्ण हुन्छन्।

६दुष्टहरूको शब्दहरू उपगोपनबाट आक्रमण भए झैं आउँछन्, तर ईमानदारीहरूको वचनले तिनीहरूलाई बचाउँछ।

७दुष्ट मानिसहरूलाई नष्ट गरिन्छ अनि अस्तित्व रहित हुन्छ, तर धर्मी मानिसहरूको घर दृढ़तासाथ खड़ा रहन्छ।

८मानिस आफ्नो भलो बुद्धिले प्रशंसा कमाउँछ, तर त्यस्तो मानिस जसको मन सदा कुबाटो तिर रहन्छ त्यो घृणित हुन्छ।

९प्रतिष्ठित व्याक्ति हूँ भनी बहना गर्नु तर प्रचुर मात्रमा खाना नहुनु भन्दा एउटा साधरण व्याक्ति भएर आफैलाई आफ्नो सेवक बनाउँनु असल हो।

१०एकजना धर्मी मानिसले उसको पशुहरूको आवश्यकता ख्याल गर्छ, तर दुष्ट मानिसको असल काम निष्ठुर हुन्छ।

११आफ्नो खेतमा काम गर्ने कृषक सित प्रशस्त खाने चीज हुन्छ, तर बेकारमा समय नष्ट गर्ने मानिसको बुद्धि हुदैन।

१२दुष्ट मानिस सधैं दुष्टयाई कर्म गर्न मात्र खोज्छ, तर धर्मी मानिससित गहिरो शक्ति हुन्छ।

१३दुष्ट मानिस आफ्नै खराब शब्दहरू चंगुलमा फस्छ। तर धर्मी मानिस त्यस्तो अप्ठेरोमा पर्दैन।

१४मानिसको व्याख्याले धेरै असल चीजहरू प्रदान गर्छ अनि त्यसरी नै उसले गरेको कामले उसलाई लाभ दिन्छ।

१५एक मूर्खले उसले जे गर्छ त्यसैलाई ठीक सोच्छ तर एक ज्ञानीले अरूबाट उपदेश लिन्छ।

१६एकजना मूर्ख मानिस छिटो रिसाउँछ, तर एक समझदार मानिस उसको अपमान सहन्छ।

१७एक सत्यवादी गवाहीले सत्य बयान दिन्छ तर एउटा झूटो साक्षी द्वारा दिएको बयान, झूटो हुन्छ।

१८विचार नगरी बोलेको बचनले तरवारले झैं घोच्छ, तर ज्ञानी मानिसले सोचेर बोल्छ र उसले भनेको शब्दले मलमको काम गर्छ।

१९जो सत्य बोल्छ सदा स्थीर रहन्छ, तर जो झूटो बोल्छ केही क्षणको निम्ति मात्र रहन्छ।

२०ती जसले दुष्ट योजना बनाउँछन् मनमा छलकपट लुकाउछन् तर ती जो शान्ति मार्गको उपदेश दिन्छन् सुखी हन्छन।

---

**अन्न बेच्ने अस्वीकार गर्छ** अन्न अभावको कारण त्यसको दाम नबढुञ्जेल नबेचिकन भण्डार गदरेर राख्छ।

२१एकजना धर्मी व्यक्तिलाई हानी हुने छैन, तर दुष्टले धेरै दु;ख पाउँछ।

२२परमप्रभुले झूटो ओठलाई घिनाउनुहुन्छ, तर सत्यवादी मानिस सित खुशी हुनुहुन्छ।

२३एकजना समझदार तथा ज्ञानी मानिसले आफ्नो ज्ञान आफूसित राख्छ, तर मूर्खले भने आफ्नो मूर्खता पूर्ण कुराहरू लगत्तै बोली हाल्छ।

२४मेहनती मानिस निरीक्षक बनाइन्छ, तर अल्छे मानिस सधैँ कमारो हुनेछ।

२५चिन्ताले मानिसको सुखलाई लुटछ, तर खुशीको खबरले उसलाई माथि उठाउँछ।

२६धर्मी मानिसहरू सही काम गर्नुको निम्ति, एक साथ मिलेर काम गर्छन् ता दुष्ट मानिसहरूले बरालिने बाटो लिन्छन्।

२७एकजना अल्छी मानिसले उसको शिकार भुट्दैन, तर परिश्रमी मानिसले धेरै सम्पत्ति प्रप्त गर्नेछ।

२८धार्मीकताको मार्गले जीवनमा डोर्‍याउँछ। तर अधर्मीको मार्गले मृत्युमा डोर्‍याउँछ।

**१३** एक ज्ञानी छोरोले आफ्नो बाबुको कुरा राम्ररी सुन्छ, तर घमण्डी मानिसले हप्काइलाई ग्रहण गर्दैन।

२तिनीहरूले भनेका कुराहरूको लागि असल मानिसहरू पुरस्कृत हुन्छन्, तर दुष्ट मानिस सधैँ खराब काम मात्र गर्न चाहान्छन्।

३एकजना मानिस जसले आफ्नो मुखलाई काबुमा राख्छ उसले आफ्नै जीवनलाई रक्षा गर्छ। तर जो मानिस केही नसम्झी अथवा बेफिक्री धेरै बोल्छ त्यसले आफैंमाथि विपत्ति र विनाश ल्याउँछ।

४अल्छे मानिसको धेरै चाहनहरू हुन्छन् तर उसले केही पाउँदैन तर परिश्रमी मानिस सँग उसले चाहे भन्दा ज्यादा चीज हुन्छ।

५धर्मी मानिसहरूले झूटलाई घृणा गर्छन्। तर दुष्ट मानिसहरूले शर्मलाग्दो अनि बेइज्जतीपूर्ण व्यवहार गर्छन्।

६इमान्दरिताले निर्दोषहरूको रक्षा गर्छ, तर दुष्टताले पापीहरूलाई नष्ट पार्छ।

७यस्ता मानिसहरू छन् जो धनी छौ भनी बहाना गर्छ, तर उनीहरूसँग केही पनि हुँदैन, अनि यस्ता मानिसहरू छन् जो गरिब भएको वहान गर्छन् तर उनीहरूसँग धेरै सम्पत्ति हुन्छ।

८धनी मानिसले आफ्नो ज्यान जोगाउनुलाई धेरै धन खर्च गर्ला, तर गरीब मानिसलाई त्यस्तो अवस्था कतै आइलाग्दैन।

९एकजना धर्मी मानिस उज्यालोमा चम्कने दीप जस्तै हो तर दुष्ट मानिस प्रकाश नभएको दीप जस्तै हो।

१०घमण्डले झगड़ा मात्र बढ़ाउँछ, तर जो मानिस नम्रतापूर्वक अरूको उपदेश सुन्छ त्यो ज्ञानी हुन्छ।

११यदि कसैले पैसा ठग्छ भने उसको पैसा चाँड़ै शेष हुन्छ, तर जसले आफ्नो परिश्रमले एक-एक पैसा गर्दै कमाउँछ उसको धन बढ़ेर जान्छ।

१२पूरा नभएको र स्थगित रहेको आशाले मन दु:खित बनाउँछ, तर इच्छा पूरा हुनु एउटा जीवनको वृक्ष जस्तो हो।

१३मानिस जसले अर्तीलाई आदर गर्दैन उसले आफैमा दु:ख ल्याउँछ, तर जसले आज्ञालाई आदर गर्छ ऊ पुरस्कृत हुनेछ।

१४बुद्धिमानी मानिसको शिक्षा जीवनको मूल हो, यसले मानिसहरूलाई मृत्युको पासोबाट फर्काउँछ।

१५बुद्धिमानीले दया पाउछ तर बेईमानको बाटो तिनीहरूको नाश हो।

१६प्रत्येक समझदार मानिसले आफ्नो ज्ञानद्वारा कर्म गर्छ। तर मूर्खले भने आफ्नो मूर्खता मात्र प्रदर्शन गर्छ।

१७सन्देशवाहक अविश्वासनीय छ भने त्यसले कष्ट उब्जाउँछ, तर त्यही सन्देशवाहक विश्वासी भए उसले शान्ति ल्याउँछ।

१८जसले अर्तीलाई ध्यान दिदैन उसले लाज र दरिद्रताको सामना गर्नु पर्छ। तर जसले शिक्षालाई स्वीकार्छ उसले सम्मान पाउँछ।

१९यदि कुनै मानिसले उसले चाहेको केही चिज पाउँछ भने ऊ आनन्दित हुन्छ। तर मूर्खहरू दुष्टता र खराब कर्महरूबाट फर्कन घृणा गर्छन्।

२०जो ज्ञानीको सँगतमा छ ऊ ज्ञानी हुन्छ। तर जो मूर्खसित मित्रता गर्छ उसले दु;ख पाउँछ।

२१पापीहरू जहाँ गए पनि कष्टले पछ्याउँछ, तर असल चिजहरू धर्मी मानिसहरूको लागि एउटा इनाम को रूपमा आउँछन्।

२२इमान्दार तथा सज्जन मानिसले आफ्नो छोरा तथा नाति-नातिनाहरूको लागि सम्पत्ति छोड़ेर जान्छ, तर एउटा पापीले संचय गरेको सम्पत्ति धर्मीको हुन्छ।

२३गरीब मानिसले आफ्नो खेतबाट प्रशस्त बाली उब्जाउन सक्छ तर जब त्यहाँ न्याय हुँदैन भने त्यो बाली खोसिन्छ।

२४जुन मानिसले आफ्नो छोरा-छोरीलाई सजाय दिँदैन उसले तिनीहरूलाई माया पनि गर्दैन, तर जुन मानिसले आफ्नो छोरालाई प्रेम गर्छ उसलाई अनुशासनमा राख्छ।

२५एकजना धर्मी मानिसको प्रचुर मात्रमा खाने कुरा हुन्छ, तर दुष्ट मानिसहरूको पेट भर्न प्रयाप्त खाने कुरा हुँदैन।

**१४** बुद्धिमान् स्त्रीले आफ्नो घर निर्माण गर्छे, तर बुद्धिहीन स्त्रीले बनिएको घर आफ्नै हातले भत्काउँछे।

२जुन मानिसको मार्ग सिधा छ, उसले परमप्रभुको सम्मान गर्छ तर जुन मानिसको मार्ग कुटिल छ उसले उहाँलाई घृणा गर्छ।

३मूर्खको कुराले उसकै ढाड़मा लट्ठी बज्राउँछ, तर बुद्धिमानको कुराले उसलाई सुरक्षा गर्छ।

४जहाँ गोरूहरू हुँदैन त्यहाँ ढिकुटी खाली रहन्छ, अनि गोरूहरूको बलले नै अन्न प्रशस्त उब्जिन्छ।

५एकजना साँचो गवाहीले साँचो बोल्छ, तर भूटो गवाहीले सधैं भूटो नै बोलिरहन्छ।

६एक अभिमानी मानिसले ज्ञान खोजिरहन्छ, तर यसलाई भेट्दैन, तर एउटा ज्ञानी मानिसलाई बुद्धि सजिलै आउँछ।

७मूर्खको संगतबाट तिमी सधैं टाढ़ा बस, किनभने उसको बचनबाट तिमीले केही बुद्धि पाउँदैनौ।

८ज्ञानी मानिसको ज्ञान यो हो कि कुन बाटोले उसलाई कता डोऱ्याउदैछ त्यो उसले बुभ्छ, तर मूर्ख मानिसको मूर्खताले आफैलाई छलेको हुन्छ।

९पाप निवारण गर्ने विचारमा मूर्ख मानिस हाँस्छ, तर त्यहाँ ईमानदारी मानिसहरूको बीचमा सद्भाव पाइन्छ।

१०यदि एकजना मानिस दु:खी भए उसले आफ्नो दु:ख मात्र बुभ्छ, अनि यदि कोही खुशी छ भने, उसको खुशी उसले मात्र बुभ्छ।

११एक दुष्ट मानिसको घर ध्वंश हुनेछ, तर ईमानदार मानिसको घर फलिफाप हुनेछ।

१२त्यहाँ एउटा यस्तो मार्ग पनि छ जसलाई मानिसहरूले सही भनी सम्भन्छन्, तर अन्त्यमा त्यस मार्गले मृत्युतिर डोऱ्याउँछ।

१३कुनै मानिस यदि उसको मनमा पीर भए पनि हाँसिरहनु सक्छ, तर हाँसी सक्दा पनि उसको पीर रहिरहन्छ।

१४एकजना दुष्ट मानिस उसले गरेको खराब कार्यको फल भोग्छ अनि त्यसै गरी एउटा असल मानिसले गरेको असल कार्यको फल उसले पाउँछ।

१५एकजना अनुभवरहित मानिसले आफूले सुनेको प्रत्येक कुरामा विश्वास गर्छ, तर एकजना ज्ञानी मानिसले उसले टेकेको प्रत्येक पाइलाको राम्ररी विचार गर्छ।

१६एकजना ज्ञानी मानिस सतर्क रहन्छ अनि दु:खहरूबाट तर्कन्छ, तर एकजना मूर्ख विश्वासको साथ यसै दु:खतिर अघि बढ़छ।

१७चाँड़ो रिसाउने मानिसले मूर्खतापूर्ण कामहरू गर्छ अनि एकजना कुबाटोमा लाग्ने मानिस घृणित हुन्छ।

१८अज्ञानीले मूर्खता प्राप्त गर्नेछ, तर विवेकी मानिसहरूलाई ज्ञानको मुकुट लगाई दिइनेछ।

१९नराम्रा मानिसहरू असल मानिसहरूको अघि भुक्नु पर्छ अनि दुष्ट मानिसहरू धर्मी मानिसहरूको दैलोमा भुक्नुपर्छ।

२०गरीब मानिसहरूलाई तिनीहरूका छिमेकीहरूले पनि मन पराउँदैनन्। तर धनीका त धेरै मित्रहरू हुन्छन्।

२१जसले आफ्नो छिमेकिलाई हेला गर्छ उसले पाप गर्छ, तर जसले गरीब माथि दया गर्छ त्यो धन्यको हुन्छ।

२२जुन मानिसले षडयन्त्र मात्र रचिरहन्छ त्यो बरालिन्छ नै, तर जुन मानिसले राम्रो राम्रो योजनाहरू बनाउँछ उसले प्रेम र विश्वास पाउँछ।

२३यदि कसैले कड़ा परिश्रम गऱ्यो भने उसले इच्छा गरेको वस्तु पाउँछ, तर यदि कसैले कुरा मात्र गरिरहन्छ भने तब त्यो गरीब हुँदै जान्छ।

२४ज्ञानी मानिसले पुरस्कार धन पाउँछ, तर मूर्ख मानिसले मूर्खता नै पाउँछ।

२५साँचो गवाहीले जीवनको रक्षा गर्छ, तर भूटो गवाहीले भूटो बोल्छ।

२६परमप्रभु प्रतिको सम्मान एउटा बलियो किल्ला हो, यो उसका छोरा-छोरीहरूको लागि सुरक्षित स्थान हुनेछ।

२७परमप्रभुको सत्कार गर्नु जीवनको मूल हो, यसले मानिसलाई मृत्युको पासोहरूबाट टाढ़ा राख्छ।

२८यदि धेरै मानिसहरू माथि राजाले शासन चलाउँछ भने त्यो महान हो, तर प्रजा बिनाको राजा तुच्छ हो।

२९धैर्यशील मानिसले धेरै विचार गरी काम गर्छ, तर जो मानिस चाँड़ै रिसको प्रकोपमा पर्छ उसले धेरै मूर्खतापूर्ण कामहरू गर्छ।

३०शान्ति हृदयले शरीरलाई जीवन दिन्छ, तर डाहले शरीरको हड्डी सम्म मकाउँछ।

३१जो मानिसले गरीबलाई दु:ख दिन्छ उसले सृष्टिकर्तालाई अपमान गर्छ, तर जसले उहाँलाई आदर गर्छ गरीबलाई दया देखाउँछ।

३२एकजना दुष्ट मानिस उसको दुष्टता द्वारा पारजित हुन्छ, तर एकजना धर्मी मानिस उसको पवित्रतामा सुरक्षित रहन्छ।

३३ज्ञानी मानिसहरूको विचार ज्ञानको घर हो तर एकजना मूर्ख मानिसले ज्ञान के हो जान्दैन।

३४धार्मिकताले राष्ट्रलाई महान तुल्याँउछ तर पाप भनेको सबैको लागि लज्जाजनक हो।

३५ज्ञानी सेवकले राजाको अनुग्रह पाउँदछ, तर एक जसले भमेला उत्पन्न गर्छ तिनको क्रोध पाउँछ।

१५ नम्र तथा कोमल वचनले क्रोध शान्त गराउँछ भने कठोर वचनले क्रोधलाई अभ उत्तेजित पार्छ।

२ज्ञानीको जिब्रोले ज्ञानलाई आनन्दप्रद बनाउँछ, अनि मूर्खको मुखबाट खाली मूर्खता नै बाहिरिन्छ।

३परमप्रभुको नजर प्रत्येक कुनामा पुगेको हुन्छ। उहाँ खराब असल देखिरहनु भएको हुन्छ।

४जुन वचनले मनको घाउ शान्ति पार्छ त्यो जीवन बृक्ष हो, तर छलपूर्ण वचनले आत्मालाई आघात पुऱ्याउँछ।

५मूर्खले आफ्नो बाबुले दिएको सजायलाई हेला गर्छ, तर जसले सुधारका कुरालाई ध्यान दिएर सुन्छ ऊ ज्ञानी हुनेछ।

६धर्मी मानिसको घरमा प्रशस्त धन हुन्छ, तर दुष्ट मानिसको कमाइले कष्ट मात्र निम्त्याँछ।

७बुद्धिमानीको वचनले ज्ञान फैलाउँछन् तर मूर्ख हृदयले त्यस्तो काम गर्दैन।

८एउटा अन्यायी मानिसले चढ़ाएको बलिदानलाई परमप्रभुले घृणा गर्नु हुन्छ तर ईमान्दारीसित व्यवहार गर्ने मानिसको प्रार्थनासित उहाँ खुशी हुनुहुन्छ।

९दुष्ट मानिसको मार्गलाई परमप्रभुले घृणा गर्नु हुन्छ तर जो मानिस न्यायीक र इमान्दारी हुन संघर्ष गर्छ, त्यसलाई उहाँले प्रेम गर्नु हुन्छ।

१०जुन मानिसले सही मार्ग अपनाउँदैन उसलाई कठोर सजायले अपेक्षा गरिरहेको हुन्छ, अनि जसले सुधारलाई घृणा गर्छ त्यो निश्चय नै मर्छ।

११परमप्रभुले प्रत्येक कुरा जान्नु हुन्छ, मृत्युको संसार नै उहाँको सामुन्ने रहेकोछ। यसर्थ मानिसको हृदयमा के छ उहाँ सबै जान्नु हुन्छ।

१२मूर्खले उसलाई कसैले सुधारेको मन पराउँदैन। यसर्थ त्यो बुद्धिमान मानिसबाट सल्लाह लिन जाँदैन।

१३एउटा खुशी हृदयले अनुहारमा उज्यालो झल्काई दिन्छ, तर कसैको हृदयको शोकले आत्मालाई दुःखी र खिन्न बनाउछ।

१४विवेकशील हृदयले अझ ज्ञान पाउने चेष्टा गर्छ, तर मूर्खले खाली मूर्खता मात्र खोजि रहन्छ।

१५गरीब मानिसहरूको समय सधैँ दुःखमय हुन्छ, तर सुखी हृदय लगातार उत्सव जस्तै सुखमय हुन्छ।

१६धेरै धन हुनु र त्ययसबाट दुःख पाउनु भन्दा थोरै हुनु तर परमप्रभुलाई सत्कार गर्नु उत्तम हो।

१७घृणाले भरिएको ठाउँमा धेरै खानु भन्दा, प्रेमले भरिएको ठाउँमा अलिकति खानु उत्तम हो।

१८एउटा क्रोधित मानिसले झगड़ा मच्चाउँछ तर सहनशील मानिसले झगड़ालाई शान्त गराउँछ।

१९एकजना अल्छे मानिसको मार्ग, काढ़ाहरूले भरिएको हुन्छ, तर ईमानदार मानिसको मार्ग फराकिलो बाटो झैँ हुन्छ।

२०एक बुद्धिमानी छोरोले बाबुको निम्ति खुशीयाली ल्याउँछ भने, मूर्ख छोरोले उसको आमालाई हेला गर्छ।

२१मूर्खलाई दुष्ट कामले खुशी तुल्याँउछ। तर ज्ञानी मानिसले के सही हो त्यो गर्छ।

२२चाँहिदो परामर्श नपाएर एकजना मानिस आफ्नो योजनामा विफल हुन सक्छ, तर धेरै परामर्शदाताहरूको सल्लाहले ऊ आफ्नो योजनामा सफल हुन सक्छ।

२३सही जवाफ दिन सके मानिस खुशी हुन्छ, र ठीक समयमा सही जवाफ अत्यन्तै राम्रो हो।

२४बुद्धिमान मानिसले गरेको कामले उसलाई यस पृथ्वीमा जीवन दिन्छ अनि मृत्यु स्थानतिर जान रोक्छ।

२५अहंकारीको घर परमप्रभुले भताभुङ्ग पारिदिनुहुन्छ भने, विधवाको साँध-सीमानमा उहाँले सुरक्षित राखि दिनु हुन्छ।

२६दुष्ट मानिसहरूको विचारलाई परमप्रभु घृणा गर्नु हुन्छ तर उहाँले शुद्ध मानिसहरूको विचार सँग खुशी हुनु हुन्छ।

२७लोभी मानिसले आफ्नै घरमा आपद बोलाउँछ, तर त्यो मानिस बाँची रहन्छ जसले घूसलाई घृणा गर्छ।

२८एउटा धर्मी मानिसले प्रत्येक शब्द तौलँदै भन्छ। तर दुष्ट मानिसहरूको मुखबाट दुष्ट कुराहरू निस्कन्छन्।

२९परमप्रभु दुष्ट मानिसबाट टाढ़ा बस्नु हुन्छ, तर उहाँले धर्मी मानिसहरूको प्रार्थना सुन्नु हुन्छ।

३०एउटा उज्यालो अनुहारको हेराइले मनलाई खुशी पार्छ, अनि शुभ समाचारले हड्डी भित्र पनि खुशी संचार गर्छ।

३१जसले जीवनदायी झपेड़ाईको अवहेलना गर्दैन, ऊ बुद्धिमान मानिसहरूको बीचमा बस्नेछ।

३२जुन मानिसले अनुशासनलाई अस्वीकार गर्छ उसले आफ्नो जीवनमा कष्ट ल्याउँछ, तर जसले हप्काइलाई स्वीकार गर्छ उसले समझशक्ति पाँउछ।

३३परमप्रभुको डरले मानिसमा बुद्धि सिकाउँछ। आदर पाउँनु भन्दा अघि नम्रता आउँछ।

# १६

मानिसले भन्न चाहन्छ त्यो आफूले निर्णय गर्छ तर त्यो कुरा व्यक्त गर्नु चाहिने ठीक शब्दहरू चुन्नमा ऊ परमप्रभुमा भर पर्छ।

२मानिसले सोच्छ कि उसले गरेको प्रत्येक कुराहरू सही हो तर परमप्रभुले उसका अभिप्रायहरू जाँच्नु हुन्छ।

३तिनीले जे सुकै गर त्यसलाई परमप्रभुमा सुम्पिदेऊ, अनि तिम्रो योजना सफल हुनेछ।

४परमप्रभुको प्रत्येक वस्तुको लागि आफ्नो उद्देश्यमूलक योजनाले रच्नु भएको हो, दुष्ट मानिसहरूलाई पनि वहाँले तिनीहरूको विपत्तिको योजना गर्नु भएको छ।

५जुन मानिसले आफूलाई अरु भन्दा असल सम्झन्छ त्यसलाई परमप्रभुले घृणा गर्नु हुन्छ। निसंन्देह त्यस्तो घमण्डी मानिसलाई उहाँले दण्ड दिनु हुन्छ।

६राज भक्ति अनि विश्वासयोग्यताले दोषलाई मेटिदिन्छ। अनि परमप्रभु प्रतिको सम्मानले विपत्तिबाट बचाउँछ।

७परमप्रभुलाई जब एकजना मानिसको मार्ग मन पर्छ उहाँले उसको शत्रुलाई पनि ऊ सित प्रेमभावमा बस्ने बनाउनु हुन्छ।

८बेइमानीको माध्यमबाट पाएको ठूलो लाभ भन्दा, धार्मिकताबाट कामाएको थोरै धन उत्तम हो।

९हृदयमा मानिसले आफ्नो मार्ग ठीक पार्छ तर

परमप्रभुले उसको गोड़ाहरूलाई मार्ग दर्शन गराउनु हुन्छ।
१०राजाले बोलेको नै नियम बन्दछ, यसर्थ उसले न्याय संगत बोल्नु पर्छ।
११सही तराजु र नाप परमप्रभु सित सम्बन्धित रहन्छन्। उहाँ चहानु हुन्छ, कि सबै व्यवसाय-धन्धाहरू न्याय पूर्वक रहुन्।
१२राजाले दुष्ट्याई गर्नु घृणीत हो किनभने धार्मीकताद्वारा सिंहासन सबल हुन्छ।
१३साँचो कुरा सुन्न मन पराँउछने राजाहरूले ईमानदारी सँग बोल्ने मानिसहरूलाई मन पराउँछन।
१४जब राजा क्रोधित हुन्छ उसले कसैलाई पनि मार्न सक्छ तर ज्ञानी मानिसले उसलाई शान्त गराउँन सक्छ।
१५राजा खुशी भए प्रत्येकको जीवन राम्रो हुन्छ। जब राजा तिमी सित खुशी हुन्छ, तब वसन्त ऋतुमा बादलबाट पानी परे भैँ हुन्छ।
१६ज्ञान प्राप्त गर्नु सुन भन्दा असल हो! समझशक्तिलाई प्राप्त गर्नु चाँदी भन्दा असल हो।
१७धर्मी मानिसहरूको बाटोले दुर्भाग्यलाई त्याग्छ, आत्मालाई जोगाउँन चाहने मानिसले ऊ कहाँ जान्छ त्यसको ख्याल गर्नु पर्छ।
१८सर्वनाश भन्दा अघि अहंकार आँउछ, अनि घमण्ड अपमानको अघि आउँछ।
१९अहंकारी मानिससित लूटको धन बाँड्नु भन्दा नम्र भएर गरीब मानिससित नम्र भैं बस्नु असल हो।
२०मानिसहरूले उपदेश दिँदा जसले सुन्छ त्यो मानिसलाई लाभ हुन्छ, अनि जसले परमप्रभु माथि भरोसा गर्छ त्यो धन्य हुन्छ।
२१ज्ञानी हृदय भएको मानिसलाई विवेकशील मानिस भनिन्छ, अनि कर्णमधु शब्दले ज्ञान बढ़ाउछ।
२२तीब्र-बुद्धि भएको मानिसलाई बुद्धि जीवनको मूल हुन्छ, तर मूर्खहरूलाई तिनीहरूको मूर्खताले नै दण्ड भोगाउँछ।
२३बुद्धिमानको हृदयले आफ्नो बोलीमा नियन्त्रण ल्याउँछ, र उसको ओठले शिक्षा बढ़ाउँछन्।
२४आनन्दयाक बोली मह भैं हुन्छ, यसले आत्मामा आनन्द दिन्छ यसले शरीरमा चंगाई ल्याउँछ।
२५कहिले कही यस्तो लाग्छ कि बाटो सही छ, तर अन्त्यमा त्यस बाटोले मृत्यु तिर पुर्‍याउँछ।
२६परिश्रमी मानिसहरूलाई उसको भोकले नै काम गराई राख्छ। उसको भोकले उसलाई काम गराउँछ ताकि उसले खान पावोस्।
२७एकजना बेकाम्मा मानिसले दुष्ट योजना बनाउँछ अनि उसको उपदेशलाई आगोले भैँ ध्वंश परी दिन्छ।
२८एकजना झगड़ालु मानिसले सधै बहसहरू सृजना गर्छ, अनि एकजना निन्दा गर्नेले घनिष्ट मित्रहरू बीच लड़ाइ गराउँछ।
२९एकजना उपद्रवी मानिसले उसको छिमेकिलाई ठग्छ। उसले आफ्नो मित्रलाई अनुचित बाटोमा डोर्‍याउँछ।
३०जब मानिस हाँस्दै एउटा आँख झिम्क्याउँछ भने, उसले नराम्रो योजना बनाएको हुन्छ। अर्कालाई विर्गान आफू मुस्कुराउँदै काम गर्ने मानिस हुन्छ।
३१फूलेको केश इमान्दार जीवन जीउने मानिसहरूको गरीमाको मुकुट हुन्छ।
३२मानिस धैर्यवान् हुनु लड़ाकु योद्धा भन्दा पनि उत्तम हो, जसले आफ्नो क्रोधलाई नियन्त्रणमा राख्छ, त्यो जसले नगर जित्छ त्यस भन्दा पनि राम्रो मानिस हो।
३३चिट्ठा, मानिसहरू द्वारा फ्याकिन्छ तर त्यसको निर्णय परमप्रभुले गर्नु हुन्छ।

१७ प्रत्येक मानिसले झगड़ा गर्दै खाद्यान्नले भरिएको घरमा बस्नु भन्दा एक टुक्रा सूखा रोटी खाँदै शान्तिमा बस्नु असल हो।
२एकजना बुद्धिमान नोकरले एकजना हड़बड़ाउने छोरामाथि शासन् गर्छ, अनि उसले एउटा दाज्यू-भाई भैं पैतृक धन प्राप्त गर्छ।
३सुन अनि चादीलाई तिनीहरू कति शुद्ध छन् भनी हेर्न आगोमा पगालीन्छ, अनि मनुष्यको हृदय परमप्रभुद्वारा जाचिन्छ।
४दुष्ट मानिसले अरू मानिसहरूले बोलेको दुष्ट चीजहरूमा ध्यान दिन्छ, अनि ढ़टुकाहरूले अरूको निन्दा सुन्छ।
५जसले गरीबलाई घृणा गर्छ उसले सृष्टिकर्तालाई अपमान गर्छ। जो अरूको विपत्तिमा रमाउँछ ऊ दण्डबाट उम्कने छैन।
६नाति-नातिनीहरू बृद्धमानिसको निम्ति मुकुट हुन, अनि आमा-बाबुहरू आफ्ना छरा-छरीका गौरव हुन्।
७मूर्ख मानिसले धेरै बोल्नु असल हुदैन, त्यसरी नै शासकलाई झूटो बोल्नु सुहाउँदैन।
८घूस ग्रहण गर्ने मानिसलाई घूस महामन्त्र भैं लाग्छ, र त्यो मानिस जहाँ जान्छ वही उसले सफलता पाए जस्तो लाग्छ।
९जसले अरूको गल्तीको बारेमा भूलिदिन्छ उसले प्रेमलाई अघि बढ़ाउनछ, तर जसले अर्काको गल्ती घरि-घरि ल्याउँछ त्यसले घनिष्ट साथीहरूलाई गुमाउँछ।
१०विवेकी मानिसलाई एउटा वचनले जति असर पार्छ, मूर्खलाई एक सय कोर्राले पनि असर पार्दैन।
११एउटा दुष्ट मानिस सधैँ नै बिद्रोह गरिरहन्छ। यसर्थ उसको बिरोधमा एकजना निष्टुरी मानिस पठाइन्छ।
१२मूर्खको सामुने पर्नु भन्दा बच्चाहरू खोसिएको भालूको सामने पर्नु असल हुन्छ।
१३यदि कसैले असलको बदला दुष्टाईले लिन्छ भने घरले सँधै कठिनाइहरूको सामना गर्नेछ।

१४झगड़ा शुरू गर्नुको अर्थ नदीको बाँधमा प्वाल
पार्नु बराबरै हो। यसैकारण नियन्त्रण भन्दा बाहिर जानु
अघिनै बहसलाई अन्त गरिदेऊ।
१५जसले एउटा दोषी मानिसलाई निर्दोष ठहराउँछ
अनि एउटा निर्दोष मानिसलाई दोषी, तिनीहरू दुवैलाई
परमप्रभुले घृणा गर्नु हुन्छन।
१६एकजना मूर्खलाई सम्पत्तिको के काम? ज्ञान
किन्न? उसको दिमागनै छैन।
१७असल मित्रले सधैँ माया गरिरहेको हुन्छ। त्यसरी
नै साँचो दाज्यू-भाइले पनि कष्टको समयमा सहायता
पुर्‍याइरहेको हुन्छ।
१८समझ नभएको मानिसले नै वाचा बन्धन गर्छ।
अनि अर्काको ऋणमा जमानी बस्छ।
१९लड़ाई-झगड़ा मन पराउनेले पाप मन पराउँछ,
अनि जसले शेखी गर्छ उसले त आफ्नै सर्वनाशलाई
निम्तो दिन्छ।
२०कुटिल हृदय भएको मानिसको कहिल्यै उन्नति
हुँदैन, अनि जसको बोलीमा छल कपट हुन्छ त्यो त
आफै सत्यनाश हुन्छ।
२१मूर्ख छोरा भएको पिता दु:खी हुन्छ। मूर्ख
छोरोको बाबु कहिल्यै सुखी हुँदैन।
२२आफ्नो मनलाई प्रसन्न राख्नु नै सब भन्दा असल
औषधी सेवन गर्नु हो। दु:खेको मनले हड्डीहरू पनि
नरम पारिदिन्छ।
२३एकजना दुष्ट मानिसले न्याय बिगार्नको लागि
गोप्य तरिकाले घूस दिन्छ।
२४ठीक विचार भएको मानिसले सधै ज्ञानको बिषयमा
सोचिरहन्छ तर मूर्ख मानिसले सधैँ टाड़ा टाड़ा ठाउँको
सपना देख्छ।
२५मूर्ख छोरोले उसको बाबुलाई शोक दिइरहन्छ,
अनि आफूलाई जन्म दिने आमालाई पीर मर्कामा पार्छ।
२६अन्याय नगरी दण्ड दिनु गल्ती हो। यसरी नै
ईमानदार अगुवाहरूलाई ठीक काम गरे बापत सजाय
दिनु अनुचित हो।
२७एकजना ज्ञानी मानिस सजिलै रिसाउँदैन। ज्ञानी
मानिसले होशियारसित शब्द प्रयोग गर्दै बात मार्छ।
२८चुपचाप बसे मूर्खलाई पनि ज्ञानी ठानिन्छ अनि
जसले उसको मुखतालाई बन्द राख्छ ऊ विवेकी
देखिन्छ।

१८ एक्ले बस्ने मानिसले उसका आफ्नै स्वार्थी
इच्छाहरू पूरा गर्न खोज्छ। उसले विवेकपूर्ण
सल्लाहलाई गिल्ला गर्छ।
२मूर्ख मानिसले अर्काको अर्ति सुन्न रूचाउँदैन।
त्यस्तो मानिसले उसको आफ्नै मात्र विचार व्यक्त गर्न
चहान्छ।
३जब दुष्टता आउँछ, तब घृणा पनि आउँछ, अनि
अपमानसित बदनाम आउँछ।
४मानिसका बचनहरू गहिरो पानी झैं हुन्, ज्ञानको
स्रोत एउटा बेगले बग्ने झरना झैँ हो।
५एकजना दोषी मानिसको पक्ष लिएर निर्दोष मानिसलाई
अन्याय गर्नु अत्यन्तै अनुचित हो।
६मूर्खहरूको ओठहरूले बहस ल्याउँछ उसको मुखले
थप्पड़ खोज्छ।
७मूर्खको मुखले उस माथि विपत्ति ल्याउँछ, उसको
ओठहरू एउटा पासो जस्तै हो जसले उसको आफ्नै
जीवनलाई समात्छ।
८मानिसहरू सधै बदनाम गराउने झूटा कुराहरूले
बहकाउने मानसिको मुखबाट सुन्न मन पराउँछन, अनि
त्यस्ता कुराहरू मीठो भोजन झैं पेट भित्र जान्छन्।
९यो निश्चय हो कि जसले आफ्नो काम अल्छी
गरि गर्छ, त्यो सर्वनाश गर्नेको भाइ जत्ति कै हो।
१०परमप्रभुको नाम एउटा दृढ़ किल्ला झैं हो,
धर्मीहरू यसभित्र कुदछन् र सुरक्षित रहन्छन्।
११एकजना धनी मानिसको सम्पत्ति उसको निम्ति
बलियो किल्ला झैं हो, उसले यसलाई अग्लो पर्खाल
जस्तो सम्झिन्छ।
१२मानिसको पतन हुनु अघि उसको मनमा अहँकार
आउँछ तर नम्रता आदरको अघि आउँछ।
१३जसले कुरा सुन्न अघि उत्तर दिन्छ ऊ झमेला
गराउँने मूर्ख हो।
१४जब मानिस बिमारी हुन्छ उसको आत्माले उसलाई
बीमार सहने शक्ति दिन्छ, तर चोट लगेको आत्मालाई
कसले सहन सक्छ ?
१५एकजना विवेकशील मानिसले सधै केही चीज
सिक्न चाहन्छ। एउटा ज्ञानी मानिसले ज्ञान लिन ध्यान
दिएर सुन्छ।
१६उपहारले एकजना मानिसको निम्ति ढोका उघ्राछ,
अनि त्यो मानिस महापुरूषहरूको सामुन्ने पुग्न सक्छ।
१७आफ्नो मुद्दाको बारेमा बोल्ने पहिलो मानिस,
अर्को मानिसबाट केरकार नहुञ्जेलसम्म सही जस्तो
लाग्छ।
१८गोला हालेर भगड़ा मोटिन्छ अनि शक्तिशाली
प्रतिद्वन्द्वीहरूलाई छुट्टाइन्छ।
१९यदि साथीलाई अपमान गरेर उसलाई मनाउनु
एउटा बलियो पर्खालले घेरिएको शहरलाई कब्जा गर्नु
भन्दा गाह्रो पर्छ।
२०आफ्नो मुखको फलले मानिसले पेट भर्छ, जे
उसको ओठले उत्पन्न गर्छ त्यसमा ऊ सन्तुष्ट हुन्छ।
२१आफैले बोलेको शब्दहरूले आफैलाई जीवन
अथवा मृत्यु बोलाइ दिन्छ। यसर्थ बोल्नु मन पराउने
मानिसले आफूले बोलेको शब्दहरूले के ल्याँउछ
स्वीकार्नु तत्पर रहनु पर्छ।
२२जसले पत्नी भेट्छ उसले उत्तम कुरो भेट्यो।
परमप्रभुबाट उसले अनुग्रह प्राप्त गरेको छ।

२३गरीब मानिसहरूलाई दयाको भिक्षा चाहिन्छ तर
धनी मानिसहरूले खस्रो जवाफ दिन्छन्।
२४धेरै मित्रहरू भएको मानिसले आफैलाई हानी
गर्छ, तर कुनै मित्र यस्तो पनि हुन्छ जो आफ्नै
दाज्युभाई भन्दा पनि विश्वासी हुन्छ।
१९ कुटिलता पूर्ण शब्द प्रयोग गर्ने मूर्ख भन्दा
निष्कलंक गरीब असल हो।
२बिनाज्ञान उत्साहीत हुनु राम्रो होइन। यदि तिमी धेरै
हतार गर्छौ भने विराउने छौ।
३मानिसले आफ्नै भूलले आफ्नो जीवन नष्ट पार्छ,
तर त्यसको दोष परमप्रभुलाई लगाउँछ।
४धनले धेरै मित्रहरू बनाउँछ, तर गरीबलाई आफ्नै
मित्रले पनि त्यागि दिन्छ।
५झूटो गवाहीले सजाय पाउँछ नै अनि जुन मानिस
झूटो बोलिरहन्छ त्यो बाँच्नु सक्तैन।
६धेरै मानिसहरूले शासकको निगाह खोजछन् अनि
प्रत्येकले उदार मानिसको साथी बन्न चाहन्छ। अनि
असल मानिसको मित्र हुन चाहन्छ।
७गरीब मानिस सित आफन्तहरू पनि टक्रटकिन्छन्।
साथी भाइहरू पनि त्यस गरीब मानिस देखि पर-पर
बस्न चहान्छन। उसले जति नै बिन्ति गरोस कसैले
सहायता गर्दैनन्।
८बुद्धि प्राप्त गर्नेले आफ्नै जीवनलाई माया गर्छ।
जसले आफ्नो समझ शक्ति बढ़ाउँछ ऊ सधैँ उन्नति
गरिरहन्छ।
९एकजना झूटो गवाही दिनेलाई दण्ड दिइने छ।
जसले झूटो बोल्छ त्यो ध्वंश हुनेछ।
१०मूर्ख धनी हुनु हुदैन यस्तै प्रकार एकजना नोकरले
राजकुमारमाथि शासन गर्नु हुँदैन।
११ज्ञानी मानिस रिसाउनमा ढिलो हुन्छ अनि गल्ती
गर्नेलाई क्षमा दिनु उसको यशको लागि राम्रो हुन्छ।
१२राजाको क्रोध सिंहको गर्जन जस्तो हो, अनि
उसको निगाह घाँसमा परेको शीतको थोपा जस्तो हो।
१३मूर्ख छोरो बाबुको लागि विनाशको बाढ़ी हो,
अनि झगड़ालु पत्नी नित्य पानी चुहुने घर जस्तै हो।
१४धन सम्पत्ति तथा घर आफ्नो आमा-बाबुबाट
पाइन्छ, तर विवेकशील पत्नी चाहिँ परमप्रभुबाट आउँछ।
१५अल्छीपनले गहिरो निद्रा लगाँउछ, अनि अल्छी
मानिस भोक भोकै रहन्छ।
१६जसले कानून मानेर चल्छ उसको जीवन सुरक्षित
हुन्छ, तर जसले आफूले के गर्‍यो त्यसको विषयमा
वास्ता गर्दैन भने त्यो मर्नेछ।
१७गरीब माथि दया गर्नु परमप्रभुलाई सापट् दिनु
हो। अनि परमप्रभुले उसलाई फिर्ता तिर्नु हुनेछ।
१८सुध्रिने आशा अझै छ भने तिम्रो छोरालाई शिक्षा
देऊ नत्र भने तिमीले उसको मृत्युको लागि सहयोग
गरेका हुनेछौ।
१९यदि कसैलाई सजिलै रीस उठ्छ भने, उसले
त्यसको मूल्य चुकाउनु पर्छ। यदि तिमी उसलाई
बचाउँछौ भने उसले त्यो गल्ती दोहर्‍याइरहन्छ।
२०उपदेश सुन अनि अनुशासीत भई बस। यस
प्रकार अन्त्यमा तिमी ज्ञानी हुनेछौ।
२१मानिसले हृदयमा अनेकौं कुराहरू गर्न भनी
सोच्छ, त्यही हुन्छ जो परमेश्वरले चाहनु हुन्छ।
२२विश्वासले मानिसलाई आनन्दायक बनाउँछ,
यसकारण झूट हुनु भन्दा गरीब हुनु नै असल हो।
२३पमप्रभु प्रतिको डरले जीवन दिन्छ र व्याक्तिका
आवश्यकताहरू पूरा हुन्छन अनि दुःखले उसलाई छुन
सक्दैन।
२४एकजना अल्छेले उसको हात भाड़ा भित्र हाल्छ,
तर उसले त्यसलाई उठाएर आफ्नो मुखमा पुर्‍याउँदैन्।
२५मूर्खलाई सजाय देऊ ताकि अनुभव नभएकाहरू
विवेकशील होउन्।
२६जसले आफ्नो बाबुलाई नराम्रो व्यवहार गर्छ,
अनि आफ्नो आमालाई टाढ़ा खेद्छ ऊ लाजमर्दो
कलंकित छोरा हो।
२७हे मेरो छोरो, यदि तिमीले अनुशासनलाई ध्यान
दिन छाड्यौ भने तिमी ज्ञानी वचनहरूबाट पनि टाड़िन्छौ।
२८झूटो गवाहीले न्यायको खिल्ली उडाउँछ। दुष्ट
मानिसहरू द्वारा भनेका कुराहरूले अझ दुष्टता मात्र
बढ़ाउँछ।
२९जसले आफैलाई अरू भन्दा असल सम्झन्छ
उसले सजाय भोग्नु पर्छ। त्यस्तो मूर्खहरूले कुटाई
भेट्छन्।
२० दाखरस उपहास गरिने बस्तू हो, निगार चाहिँ
एउटा झगड़ा ल्याउने चीज हो। जो यसको
प्रभावमा पर्छ ऊ ज्ञानी हुने छैन्।
२राजाको क्रोध सिंहको गर्जन झैं हो, जसले
उसलाई क्रोधित बनाउँछ आफ्नो जीवनलाई खतरामा
पार्छ।
३झगड़ा गर्न अस्वीकार गर्ने मानिस आदरणीय हुनेछ
तर मूर्ख मानिस त सदैव झगडाको लागि तत्पर
रहन्छ।
४एउटा अल्छे मानिसले शरद ऋतुमा खेत
जोत्दैन, समयमा उसले अन्नहरू खोज्छ अनि त्यहाँ
केही हुँदैन्।
५मानिसहरूको हृदयमा रहेका कुराहरू गहिरो कुवाको
पानी जस्तै हुन, तर समझदार मानिसले त्यो तानेर
निकाल्छ।
६धेरै मानिसहरूले भन्ने गर्छन तिनीहरू विश्वास
योग्य मानिस छन्, तर विश्वासनीय मानिस कसले भेट्न
सक्छ ?
७एकजना धर्मी मानिस सधै ईमान्दारी पूर्वक बाँच्छ र
उसका नानीहरूलाई पाछि फायदा पुर्‍याउछ।

८जब राजा उनका मानिसहरूको न्याय गर्नु बस्छन् उनले दुष्टतालाई आफ्नै आँखाले छानबिन गर्छन।

९के कसैले म शुद्ध छु भनि दावी गर्न सक्छ? के कुनै मानिसले दावी गर्न सक्छ की ऊ आफ्नो पापबाट शुद्ध हुन सक्छ?

१०परमप्रभुले त्यो तौल र नापहरूलाई घृणा गर्नुहुन्छ जुन बेठीक छन्।

११एउटा बालकलाई उसको चाल-चलनबाट पनि जान्नु सकिन्छ उसको व्यवहार असल छ की छैन।

१२परमप्रभूले देख्ने आँखा र सुन्ने कान दुबैलाई सृष्टि गर्नु भयो।

१३यदि तिमी धेरै सुत्न मन पराउछौं भनें। तिमी गरीब हुने छौ। जागा रहो अनि तिमीसँग प्रशस्त खाने कुरा हुनेछ।

१४राम्रो छैन! यो राम्रो छैन! भन्दै ग्राहकले किन्छ तर पछि उसले भाउ कसेकोमा आफैलाई प्रशंसा गर्छ।

१५सुन अनि धेरै लालमणिहरू छन्, तर ज्ञानीको भाषण, निखुर गहना हो।

१६एउटा अपरिचित मानिसलाई उधारो दिन्छौं भने उसको कोट बन्धक लेऊ। निश्चित होऊ की उसले तिमीलाई ती विदेशीहरूको बन्धकको रूपमा केहि दिन्छ।

१७छल गरि कमाएको अन्न खान मीठो लाग्छ, तर अन्तमा त्यसले मुखभरी ढुङ्गा चपाए जस्तो हुन्छ।

१८कुनै योजना बनाउनु अघी राम्रो सल्लाह गर्नु। यदि युद्धमा जानु छ भने असल मार्गदर्शन लिनु।

१९अर्काको गोप्यनीय कुराहरू भन्ने मानिसलाई भरोसा गर्न सकिँदैन। यसर्थ धेरै बोल्ने मानिसबाट जोगिएर बस।

२०यदि कुनै मानिसले आफ्ना आमा-बाबुलाई सराप्छ भने उसको बत्ती राती अन्धकारको बीचमा निभ्ने छ।

२१यदि तिमी सित भएको सम्पत्ति तिमीले छिटो छिटो र सजिलै हासिल गरेको भए यो अन्तमा आशिषपूर्ण हुनेछैन।

२२यसो नभन, "म दुष्टको बदला लिनेछु।" परमप्रभुको निम्ति पर्ख अनि उहाँले तिम्रो रक्षा गर्नु हुनेछ।

२३परमप्रभुले गलत तौललाई घृणा गर्नु हुन्छ अनि झूटा तराजूहरू असल होइनन्।

२४मानिसले चाल्ने प्रत्येक कदम नै परमप्रभुले तोक्नु हुन्छ। तब मानिस कसरी जान्दछ कि उसको जीवनमा के परी आँउछ।

२५परमप्रभुलाई भाकल गर्न अघि नै सोचेर भाकल गर्नु, पछि पछुताउनु नपरोस कि "मैले यस्तो भाकल नगर्नु पर्ने रहेछ।"

२६एकजना ज्ञानी राजाले दूष्टहरूलाई भूस निफाने झैँ गरी छुट्टायाउनछन् अनि तिनीहरूलाई सजाय दिन्छन्।

२७एकजना मानिसको आत्मा परमप्रभुको दियो हो जसले उसको आत्माको गहिराई देखाउछ।

२८यदि राजा विश्वासी र सत्यवादी छन् भने, उसले शक्ति सुरक्षित राख्नु सक्छन्। उसको विश्वासनीयताले उसको राज्य बलियो राख्ने छ।

२९एकजना जवान मानिसको गौरव उसको बल हो, अनि एउटा बूढो मानिसको गौरव उसको फूलेको केश हो।

३०कुटाइले चोट पुऱ्याउन र खराबी हटाउँछ अनि मुक्कारहरूले भित्रि जीवलाई सफा गर्छ।

२१ राजाको हृदय परमप्रभुको हातमा हुन्छ, र त्यो खोलाको पानीझैँ जता पायो उतै उहाँले बगाइ दिनु हुन्छ।

२मानिसले आफ्नो नजरमा आफ्नो सम्पूर्ण व्यवहार सही देख्छ। तर परमप्रभुले हृदयमा के छ त्यो जाँच गर्नुहुन्छ।

३बलिदानहरू भन्दा, मानिसहरूले सही अनि न्याय काम गर्नु परमप्रभुको निम्ति अधिक महत्वपूर्ण हुन्छ।

४घमण्डी आँखा अनि गर्वले भरिएको मन पाप हो, र यिनीहरूले दुष्ट मानिसको दुष्टता चिनाउन प्रदीपको सलेदोको काम गर्छन।

५लगनशीलको योजनाहरूले मानिसहरूलाई लाभ गराउँछ, र हतार गर्नाले निश्चय दरिद्रता ल्याउँछ।

६झूटो बोलेर कमाएको सम्पत्ति वाफ झैँ अस्थिर हुन्छ अनि त्यो घातक पासो बनिन्छ।

७दुष्ट मानिसहरूले गरेको नराम्रो कामले तिनीहरूलाई ध्वंश पार्छ। जुन न्याय संगत छ त्यो गर्नु यी मानिसहरू अस्वीकार गर्छन्।

८दुष्ट मानिसहरू सधैँ अर्कालाई ठग्ने हुन्छन तर असल मानिसहरू ईमान्दार र न्याय संगतका हुन्छन्।

९एउटी झगड़ालु पत्नी सित घर भित्र बस्नु भन्दा शान्ति सित घरको एककुनामा बस्नु शान्तिमय हुन्छ।

१०दुष्ट मानिसहरू सधैँ खराब काम गर्न खोज्छन् अनि तिनीहरूले वरिपरि भएका मानिसहरूलाई दया देखाउँदैन।

११दुष्ट मानिसहरूले सजाय पाउँदा सरल मानिसहरूले ज्ञान पाउँछन्। जब बुद्धिमानी मानिसहरूलाई अनुशासित बनाइन्छ तिनीहरू अझै ज्ञानी हुन्छन्।

१२परमप्रभुले दुष्ट मानिसहरूको घर माथि नजर राख्नु हुन्छ अनि दुष्ट मानिसहरूलाई ध्वंश पार्नु हुन्छ।

१३यदि कुनै गरीब मानिसले पुकार्दा कसैले कान थुन्छ भने उसले पुकार्दा पनि कसैले सुन्दैन।

१४गुप्तरूपले दिइएको उपहारले रीस शान्त पार्छ। लुकाएर दिएको घूसले अझै डरलाग्दो क्रोधलाई पनि शान्त पारिदिन्छ।

१५न्यायले इमान्दार मानिसहरूलाई आनन्दित तुल्याँउछ, तर कुकर्मीहरूलाई यसले भयभित पार्छ।

१६जो मानिस समझदारीको मार्गबाट बरालिन्छ ऊ अन्तमा मृत मानिसहरू सँग समाप्त हुन्छ।

१७जसले सूख-भोगलाई प्रेम गर्छ ऊ दरिद्र बन्छ। जसले दाखरस अनि तेललाई प्रेम गर्छ ऊ धनी हुनु सक्दैन्।

१८एउटा दुष्ट मानिस एउटा धर्मी मानिसको निम्ति उद्धारक हुनेछ, अनि त्यसरीनै एउटा अविश्वासी मानिस इमान्दार मानिसको निम्ति हुनेछ।

१९छिटो रिसाउने र झगडेलु स्वभाव भएकी पत्नी सित बस्नुभन्दा निर्जन मरूभूमिमा रहनु असल हुन्छ।

२०बुद्धिमान मानिसले आफूलाई चाहिने चीजहरू संचय गरेर राख्छ भने, मूर्खले यो सबैलाई खाने र खर्च गर्नेछ।

२१जो इमान्दार जीवन जीउछ र विश्वास देखाउँछ उसले असल जीवन, सम्पत्ति अनि आदर आर्जन गर्छ।

२२एकजना ज्ञानी मानिसहरूले सशस्त्र सेनाहरूको शहर आक्रमण गरे अनि उनीहरूको सुरक्षित र भरपर्दो किल्लालाई ध्वंश गरि दिए। ज्ञानी मानिसलाई कुनै कुराको अफ्ठेरो पर्दैन।

२३जसले आफ्नो मुख र जिब्रोलाई नियन्त्रणमा राख्छ उसले आफैलाई कष्टबाट रक्षा गर्छ।

२४जो मानिस जसले आफूलाई अरू मानिसहरू भन्दा श्रेष्ट ठान्छ त्यो घमण्डी हो अनि उसलाई "खिल्ली उड़ाउनेवाला" नाम द्वारा बोलाइन्छ, उसले अत्यन्त घमण्डकासाथ काम गर्छ।

२५एउटा अल्छे मानिसको लालसाले उसलाई मार्छ, किनभने उसको हातहरूले काम गर्न अस्वीकार गर्छन्।

२६लोभि मानिसले उसका सबै दिनहरू धेरै पाउँने इच्छ गर्दै बिताउँछ, तर धर्मी मानिसले उदारता पूर्वक दिन्छ।

२७दुष्ट मानिसले चढ़ाएको बलिदान त्यसै पनि परमेश्वले घृणा गर्नु हुन्छ, त्यसमाथि पनि दष्ट अभिप्रयले चढ़ाएको त झन घृणित हुन जान्छ।

२८झूटो साक्षीहरूको नाश हुन्छ, तर एकजना मानिस जसले सवाधानी पूर्वक सुन्छ ऊ सधैंको निम्ति बोल्छ।

२९एउटा दुष्ट मानिसले अविवेकी अनि साहसी कार्यहरू गर्छ तर एउटा इमान्दार मानिसले उसको कार्यहरूमा सोच विचार गर्छ।

३०कुनै पनि यस्तो ज्ञान अथवा समझ शक्ति अथवा सल्लाह छैन जसले परमप्रभुलाई जित्न सक्छ।

३१मानिसहरूले लड़ाई जित्न हात-हतियार तथा घोड़ा तयार पार्न सक्छन, तर तिनीहरूलाई विजय अथवा पराजय परमप्रभुले नै दिनु हुन्छ।

**२२** धन सम्पत्तीको मालिक हुनु भन्दा सम्मान पाउनु असल हो। सम्मानित हुनु सुन चाँदी भन्दा उत्तम हो।

२सबै परमप्रभुका सृष्टि हुन यसर्थ कुन धनी कुन गरीब बराबरी हो।

३एउटा बुद्धिमान मानिसले कष्टलाई पहिले नै देखेर यसबाट अघि नै तर्किन्छ, तर अनुभव नभएका मानिसहरू सिधै ती कष्टहरूमा पर्छन अनि दु:ख पाउँछन्।

४नम्र बन अनि परमप्रभुलाई आदर गर, तब तिमीहरू बाच्नेछौ अनि धन र सम्मान पाउने छौ।

५दुष्ट मानिस नाना थरीका फंदामा पर्छ, तर आफ्नो आत्माको पर्वाह गर्ने मानिस यस्तो कष्ट देखि टाड़ो बस्छ।

६नानीहरूलाई सही जीवन निर्वाह गर्नु सानै बाट सिकाउनु पर्छ, तब त्यो नानी बढ़े पनि त्यही प्रकारले जीवन यापन् गर्छ।

७धनी मानिसहरूले गरीब मानिसहरूलाई शासन गर्छन् अनि उधारो लिनेहरू उधारो दिनेहरूको कमारा बन्छन्।

८अन्याय रोप्ने मानिसले आपतको वाली काट्छ अनि उसको अत्याचारी शासनको अन्त हुन्छ।

९एकजना उदार योग्य मानिसले आशिष् पाउँछ। उसले आशिष् पाउँछ किनभने उसले आफ्नो भोजन गरीबलाई दिन्छ।

१०यदि कुनै मानिसले अरूलाई खिसी गर्छ भने उसलाई त्यहाँबाट बल लगाएर निकाली देऊ। जब ऊ मानिस नै हट्छ झगड़ाहरू जान्छ र अनि लड़ाइ र अपमानहरू पनि सकिन्छ।

११एउटा मानिस जसले शुद्ध हृदयलाई प्रेम गर्छ, जसको बोलीवचन करूणामय हुन्छ, ऊ राजाको मित्र हुनेछ।

१२परमप्रभुले सत्यता माथि पहरा दिनु हुन्छ, अनि अविश्वासी मानिसहरूले भनेका कुराहरूलाई विफल बनाउनु हुन्छ।

१३अलछे मानिसले भन्छ, "सिंह बाहिर बसिरहेको छ," अथवा "म गल्लीमा मारिनेछु।"

१४व्यभिचारी पापको जाल हो यसर्थ परमप्रभु यस्तो जालमा फँस्नेसित अत्यन्तै क्रोधित हुनु हुन्छ।

१५नानीको मनका मूर्खता रहेको हुन्छ। अनुशसनको डण्डाले यस मूर्खतालाई ऊबाट भगाइन्छ।

१६आफ्नो धन बढ़ाउनु जसले गरीबलाई ठग्छ अनि धनी मानिसलाई उपहार चढाउँछ भने ती दुवै जना पछि दरिद्र हुन्छन्।

### तीस ज्ञानपूर्ण भनाईहरू

१७राम्रो सँग ध्यान देऊ, म के भन्छु सुन। म तिमीहरूलाई त्यो ज्ञान शिकाउने छु, जुन ज्ञानी मानिसहरूले मलाई दिएँका छन्। मैले तो शिक्षाहरूबाट सिकें।

१८यदि तिमीले यी कुराहरू याद राख्यौ भने असल हुनेछ। यी वचनहरू भन्नु सक्यौ भने तिमीलाई सहायता हुनेछ।

१९अब म तिमीलाई ती कुराहरू नै सिकाउनेछु। म चाहन्छु, कि तिमीले परमप्रभु माथि भरोसा गर।
२०तिम्रो लागि मैले तीसओटा नीति-वचनहरू लखेकोछु, यी सबै ज्ञान र उपदेशका वचनहरू हुन्।
२१यी वचनहरूले सत्य र महत्वपूर्ण कुराहरू सिकाउँछ। तब तिमीलाई जसले पठाउनु भएको छ उहाँलाई सही जवाफ दिन सक्छौ।

-१-

२२गरीबलाई शोषण नगर किनभने तिनीहरू गरीब छन्, अनि गरीबलाई अदालतमा न्यायबाट बञ्चित नगर
२३परमप्रभुले तिनीहरूको मुद्दाको पक्ष लिनु हुन्छ, अनि उहाँले तिनीहरूको जीवन लिनु हुनेछ जसले उनीहरूलाई लुट्छन् र शोषण गर्छन्।

-२-

२४झट्टै रिसाउने मानिस सित मित्रता नजोड। सितिमिति रिसाउने मानिससित संगत नगर।
२५नत्र भने तिमीले उसको बाटो जान्ने छौ र फंदामा फँस्ने छौ।

-३-

२६कहिल्यै कसैको जिम्मवारी लिने नहोऊ अर्काले लिएको ऋणको लागि जमानी नबस्।
२७तिमीले त्यो ऋण चुक्ता गराउनु नसके निमीकहाँ भएको सबै गुमाउनु पर्नेछ। तिमीले आफ्नो ओढ़ने ओछ्याउने सम्म गुमाउनु पर्नेछ।

-४-

२८तिम्रो जमीन जसमा सिमाना तिम्रा पुर्खाहरूले कोरेका हुन, त्यो सिमाना कहिल्यै हल्लिन नदेऊ।

-५-

२९यदि कोही मानिस आफ्नो काममा निपुण छ भने ऊ राजाको सेवा गर्ने योग्यको हुन्छ। उसले नचिनेका मानिसहरूको सेवा गर्दैन।

-६-

२३ यदि तिमी कुनै अधिकृतसित भोजनमा बसेको छौ भने याद राख तिमी कसको अघि छौ।
२तिमी धेरै खाने गर्थ्यौ भने पनि तिमीले आफूलाई नियन्त्रणमा राख्नु पर्छ।
३उसको स्वादिलो भोजन द्वारा परिक्षीत नहोउ किनभने उसको भोजन छलपूर्ण हुन्छ।*

-७-

४धनी बन्न चेष्टा गर्दै आफैलाई नथकाऊ। यदि तिमी बुद्धिमानी छौ भने तिमीले यस्तो गर्न बन्द गर।
५धन-सम्पत्ति हेर्दा-हेर्दा शेष भएर जान्छ। धन सम्पत्ति आफ्नो पखेटा फैलाएर उड़ेर जाने चरा झैं आकाशमा जान्छ।

-८-

६एउटा कृपण मानिस सित भोजन नखाऊ। उसको घरमा पकाएको स्वादिलो भोजनको इच्छा नगर।
७त्यो यस्तो मानिस हो जो आफ्नो भोजनको मोल लगाई रहन्छ। तिमीलाई त भन्छ, "तिमी खाऊ, मस्त भई खाऊ," तर त्यो उसको मनभित्रबाट भनेको होइन।
८तिमीले अलिकति खाएको पनि उकेलि दिने छौ अनि तिमीले उसलाई गरेका प्रशंसाहरू व्यर्थ भएर जान्छन।

-९-

९मूर्खले तिम्रा ज्ञानी वचनहरूलाई घृणा गर्छ, मूर्खसित कुरा नगर।

-१०-

१०जमीनमा पुरानो सिमाना भए त्यसलाई सार्ने प्रयास नगर। टुहुरा-टुहुरीहरूको जमीन जबरजस्ती दखल नगर।
११किनभने ती अनाथहरूको शक्तिशाली संरक्षक हुनु हुन्छ जसले अनाथहरूको पक्षमा तिमीसित अदालतमा लड़नु हुन्छ।

-११-

१२तिमीहरूको विचारलाई अनुशासनमा लगाऊ अनि ज्ञानको शिक्षाहरूमा ध्यान देऊ।

-१२-

१३आवश्यकता अनुसार नानीलाई सधैं सजाय देऊ। सजाय दिदाँ त्यो मर्दैन।
१४यदि तिमीले उसलाई सजाय दियौ भने, तिमीले उसलाई चिहानबाट रक्षा गर्ने छौ।

-१३-

१५हे मेरो छोरो, तिमी बुद्धिमान् भयौ भने म खुशी हुनेछु।
१६यदि तिमीले सही कुराहरू गरेको सुन्न पाए म हृदयबाट नै खुशी हुने थिँए।

---

**उसको … हुन्छ** यसले यो अर्थ गर्न सक्छ कि घरवालाले पहनाबाट कोहि पाउने चाहन्छ। त्यसकरण उसले पहुनालाई आँखा लोभ्याउने भोजन दिन्छ। तर उसका उद्देशहरू साँचो छैनन्: तिनीहरू छलपूर्ण छन्।

-१४-

१७पापीहरूको ईर्ष्या नगर। तर सबै समयमा, परमप्रभुलाई सम्मान गर।

१८तब तिम्रो एउटा भविष्य हुन्छ, तिम्रो आशा कहिल्यै हराउने छैन्।

-१५-

१९मेरो छोरो, सुन र ज्ञानी बन! सधैं सही बाटोमा हिड़ने कुरा ख्याल गर।

२०धेरै भोजन गर्ने तथा दाखरस पिउँने मानिस सित मित्रता नराख।

२१जुन मानिसले धेरै खान्छ अनि धेरै पिउँछ भने गरीब हुन्छ। उसको उड़ाइले उसलाई थोत्रो लुगा लगाउने बनाई दिन्छ।

-१६-

२२तिम्रा बाबु जसले तिमीलाई जीवन दिए उनको बचनहरू सुन। तिम्री आमा भनेर उनलाई हेला नगर।

२३सत्यतालाई किन अनि यसलाई नबेच। ज्ञान, अनुशासन अनि समझ शक्तिलाई पनि किन।

२४इमान्दार मानिसका बाबु अति सुखी मानिस हुन। यदि कुनै मानिसको बुद्धिमान नानी छ, भने त्यस नानीले घरमा खुशीयाली ल्याउँछ।

२५यसर्थ तिम्रा आमा-बाबु तिमी सित खुशी भई बसुन्। तिम्री आमाले आनन्द पाउन।

-१७-

२६हे मेरो छोरो ! म जे भन्दैछु अलिक ध्यान दिएर सुन। मैले भनेका कुराहरू स्वीकार गर।

२७एउटी वेश्या एक गहिरो खाड़ल जस्तो हो एक व्यभिचारिणी स्त्री, एक साँधुरो इनार जस्तो हो।

२८एउटा खराब आइमाई डाकुले झैं बाटो ढुकेर वस्छे अनि धेरै मानिसहरूलाई अविश्वासी बनाउँछे।

-१८-

२९कसको दयनीयता छ? कसको दु:ख छ? को
कष्टमा डुबेकोछ? को झगड़ा टंटामा फँसेकोछ? बिना
कारण कसले चोट पाएको छ? कसको आँखा राता
भएका छन्? ३०तिनीहरू ती हुन् जो रात दिन
दाखरसको सेवनमा बिताउछन अनि जो मिश्रित मद्य
चाख्न भोजनहरूमा जान्छन्।

३१दाखरस द्वारा दासको रातो रंग द्वारा यसको प्याला भित्रको चमक द्वारा सम्मोहित नहोऊ। यो बिना अवरोध घाँटीबाट तल स्वाट्टै जान्छ।

३२तर अन्तमा यसले सर्पले झैं डस्छ गोप्य विष भएको विषालु सर्पले झैँ डस्छ।

३३तिमीले विचित्र चीजहरू देख्ने छौ। भ्रान्त विचार, तिम्रो मनमा कूद्ने छन्।

३४तिमीलाई यस्तो लाग्नेछ महासमुद्रको माथिल्लो सतहमा सुतिरहेछौ, तिमी जहाज माथि सुतिरहेछौ।

३५तिमी भन्छौ तिनीहरूले मलाई हिर्काए मैले अनुभव गरिन, तिनीहरूले पिटे तर मलाई थाहाँ भएन। म कति वेला ब्यूझन्छु? म जान्छु अनि अर्को मद्य पिउँछु।

-१९-

२४ दुष्ट मानिसहरूको डाह नगर। तिनीहरूको संगतको इच्छा नगर।

२तिनीहरू आफ्नो हृदयमा नराम्रा योजनाहरू मात्र रच्छन्। तिनीहरू अरूलाई कसरी कष्ट दिने त्यस विषयमा मात्र वकिरहेका हुन्छन्।

-२०-

३एउटा घर ज्ञान द्वारा निर्माण गरिन्छ र समझशक्ति द्वारा यसलाई राम्रो स्याहार सुसार गरिन्छ।

४अनि ज्ञानद्वारा यसको भण्डारकोठाहरू विरल बहुमूल्य अनि असल चीजहरूले भरिन्छन्।

-२१-

५एकजना बुद्धिमान मानिस, एउटा बलवान मानिस भन्दा असल हो। एकजना ज्ञानी मानिस महान शक्ति भएको मनिस भन्दा असल हो।

६यसकारण तिमीले लड़ाई लड़न। अघि सावधानी पूर्वक योजनाहरू बनाउनु पर्छ। यदि तिमी विजयी हुनु चहान्छौ भने तिमीले धेरै सल्लाहकारहरूको सल्लाह लिनुपर्छ।

-२२-

७मूर्ख मानिसले ज्ञान के हो बुझ्न् सक्तैन शहरको फटाकमा बसेर कुनै महत्वपूर्ण विषयमा तर्क गरिरहेको समय मूर्ख मानिसले केही बोल्न सक्तैन।

-२३-

८दुष्ट षड़यन्त्र सधै गरिरहन्छौ भने, मानिसहरूले तिमीलाई जाल रच्ने भनि बोलाउँछ।

९मूर्ख मानिसले गर्न चाहेका कुरा पापपूर्ण मात्र हुन्छन्। मानिसहरूले यस्तालाई घृणा गर्छन जसले अन्य मानिसहरू भन्दा आफूलाई माथिल्लो तहको सम्झन्छ।

-२४-

१०यदि तिमीले आफैलाई सकंटको समयमा कमजोर देखाउँछौ भने, तिमी साच्चै नै कमजोर हौ।

-२५-

११यदि मानिसहरू कसैलाई मार्ने दाऊमा रहेको पाए तिमीले त्यस मानिसलाई बचाउने भरमग्दुर प्रयास गर्नु पर्छ।

१२यदि तिमीले भन्छौ "हेर, हामीहरूलाई यो कहिल्यै थाहा थिएन" के उहाँ जसले मानिसहरूको हृदयहरूलाई जाँच गर्नु हुन्छ यो सत्यतालाई जान्नु हुन्न र? उहाँ जसले मानिसहरूको आत्माहरूलाई पहारा दिनु हुन्छु यसको बारेमा जान्नु हुन्न र? अनि उहाँले प्रत्येक मानिसलाई उसको काम अनुसार दण्ड दिनुहुनेछ।

-२६-

१३हे मेरो छोरो, मह उपभोग गर, यो असल हो, यो मुखमा अति नै गुलियो हुन्छ।

१४यसरी नै यो पनि तिमी जान कि त्यो तिम्रो आत्मा ज्ञानमा रमाउँछ। यदि तिमीले यो ज्ञान प्राप्त गऱ्यौ भने तिम्रो भविष्य हुनेछ, तिम्रो आशा कहिल्यै हराउने हुँदैन।

-२७-

१५एकजना चोर भैं होऊ जसले धर्मी मानिसको घरमा छापा मार्छ अनि यसबाट चिजबिचहरू लुटेर लान्छ।

१६धर्मी मानिस सात पल्टसम्म लड़े पनि ऊ फेरि उठछ। तर दुष्ट मानिसहरूलाई दु:ख कष्टले लड़ाउँछ।

-२८-

१७शत्रु हार्दा पनि खुशी नहोउ। शत्रुले ठोक्कर पाउँदा तिमी खुशी नबन्।

१८यदि तिमीले यसो गर्‍यौ भने परमप्रभुले चाल पाउनु हुनेछ अनि उहाँ तिमी सित निरास हुनु हुनेछ र यस्तो हुन सक्छ कि तिम्रो शत्रुलाई नै उहाँले सहायत गर्नु हुन्छ होला।

-२९-

१९दुष्ट मानिसहरूको कारणले गर्दा क्रोधित नबन; दुष्टहरूको डाहा नगर,

२०किनभने दुष्ट मानिसहरूको भविष्य छैन, तिनीहरू एउटा बत्ती भैं निभ्नेछन्।

-३०-

२१हे! मेरो छोरा, परमप्रभुको अनि राजाको डर मान् अनि विद्रोहीहरूसँग कहिले सम्मिलित नहोऊ।

२२किनभने त्यस्ता मानिसहरू एकसी नासिनेछन्। अनि तिमीलाई थाहाँ हुदैन कि कस्तो खालको कष्ट परमेश्वर र राजाले तिनीहरूमाथि ल्याउने छन्।

### ज्ञानले धेरै भन्छ

२३यी ज्ञानी मानिसहरूका वचनहरू हुन: न्याय गर्दा पक्षपात गर्नु अनुचित हुन्छ।

२४एकजना न्यायधीस जसले अपराधीलाई निर्दोष भनी फैसला गर्छ भने राष्ट्रहरू द्वारा ऊ श्रापित हुनेछ अरू राष्ट्रहरू द्वारा ऊ निन्दित हुनेछ।

२५तर जसले अपराधीलाई सजाय दिन्छ ऊ जनप्रिय हुनेछ र ऊ एकदमै धन्य हुनेछ।

२६निष्पक्ष वाक्य यस्तो चीज हो जसले मानिसहरूलाई आनन्दित तुल्याउँछ।। यो ओठमा लिएको चुम्बन भैँ हो।

२७पहिले बाहरी काम गर। खेतको काममा आफूलाई स्थापित गर अनि त्यस पछि तिम्रो घर बनाऊ।

२८तिम्रो छिमेकीको विरूद्ध कुनै न्यायिक कारण बिना गवाहीहरू नदेऊ झूटो नबोल।

२९यसो नभन, "उसले मलाई जसो गऱ्यो म उसलाई त्यस्तै गर्नेछु! उसको कार्य अनुसार म उसको बदला लिने छु।"

३०म एकजना अल्छे मानिसको भूमि भएर हिड़दै आए। म एउटा विवेकहीन मानिसको दाखबारी भएर हिड़े।

३१त्यो भूमि काड़ाको झाड़ीले छोपेको छ, जता ततै बेकामको झार-पात उम्रेको छ। अनि ढुङ्गाको पर्खाल भत्केको छ।

३२मैले यसलाई राम्ररी हेरें, अनि यसको बारेमा विचार गरे, मैले बुझे अनि एउटा पाठ सिकें।

३३एक छिनको सुताईले अनि एक छिनको आरामले।

३४दरिद्रता अनि अभाव तिमी माथि सशस्त्र मानिस भैँ भएर आउनेछ जस्लाई तिमीले हराउन असक्षम हुनछौ।

### सुलोमानका केही अरू हितोपदेशहरू

२५ सुलेमानका यी हितोपदेशहरू यहूदाका राजा हिजकियाका नोकरहरूबाट उतारेका हुन्।

२परमेश्वरको महिमा चीजहरू लुकाउनु हो अनि राजाको महिमा चीजहरूको जाँच गर्नु हो।

३जसरी स्वर्ग हामी माथि छ र जमीन हामीबाट मुनि त्यसरी नै राजाको मन पनि रहस्य मय हुन्छ हामी बुझ्नै सक्तैनौ।

४यदि चाँदीबाट अशुद्धतालाई निकालिइयो भने शिल्पी सुनारले त्यसबाट सुन्दर गहना बनाउनु सक्छन्।

५यस्तै प्रकारले, यदि दुष्ट अनि बेइमान उपदेशकहरूलाई राजाको उपस्थितिबाट हटाइन्छ भने, उसको शासन धर्मीकता द्वारा सुरक्षित हुनेछ।

६राजाको अघि घमण्ड नगर, मुख्य मानिसहरूको महत्वपूर्ण स्थान नओगट।

७एकजना राजकुमारको सामुनेमा अपमानित हुनु भन्दा राजाले तिमीलाई “यहाँ आइज” भनेको असल हों।

८न्यायाकर्त्तालाई तिमीले देखेको कुरा तत्कालै नभनी हाल। यदि तिमी त्यसो गर्दा अर्को मानिसले तिम्रो कुरोलाई असत्य प्रमाण गरिदिए तिमी अप्ठेरोमा पर्नेछौ।

९तिम्रो कसै सित दुई मत भए आपसमा नै मिलाई हाल अनि साथीको रहस्यको कुरा कसैलाई नभन।

१०यदि तिमीले अर्काको रहस्य खोलिदियौ भने तिमी आफै लाजमा पर्नेछौ र तिमी माथि लागेको बदनामी तिमीबाट कहिल्यै मेटिने छैन।

११सही चिज सही समयमा भन्नु एउटा सुनको स्याउ चाँदीको घेरामा जोड़ेको जस्तै हो।

१२एकजना झट्ट बुझ्ने मानिसको निम्ति ज्ञानी मानिसको हप्काई एउटा शुद्ध सुनको औंठी अथवा सब भन्दा राम्रो सुनबाट बनेको अन्यकुनै गहनाहरू जस्तो मूल्यवान हुन्छन।

१३एक विश्वसनीय दूत संवाद पठाउने मानिसको निम्ति बाली भित्रयाउने समयको गरमदिनको शीतल पानी जस्तै हो उसले उसको मालिकको आत्मालाई पुन: ताजगी गराउँछ।

१४कसैले उपहार चढ़ाउँछु भनी प्रतिज्ञा गर्छ तर चढाउदैन भने त्यो बादल अनि बतास जस्तै हो।

१५धैर्यपूर्ण कुराले राजालाई सम्म शान्त गराउँछ नम्र बोली अत्यन्त शक्तिशाली हुन्छ।

१६मह खानु स्वस्थको लागि असल हो तर यही धेरै खाए मानिस विमारी हुन्छ।

१७त्यसरी नै, आफ्नो छिमेकीको घरमा घरी-घरी नजानु नत्र उसले तिमीलाई घृणा गर्न थाल्छ।

१८जसले उसको छिमेकीको विरूद्ध झूटा साक्षी दिन्छ ऊ एउटा लाट्ठी तरवार अथवा एउटा तीखो काड़झैं खतरा हुन्छ।

१९झूटो बोल्ने मानिस माथि कहिल्यै भर नपर्नु, त्यो मानिस कष्टदायी दाँत तथा लङ्गड़े खुट्टा जस्तै हो। र आवश्यक्ताको समयमा धोका दिन सक्छ।

२०शोकाकुल मानिसको अघि खुशीयालीको गीत गाउनु जाड़ो लागेको समयमा कसैको शरीरको लुगा उतारि दिनु जस्तै हो। यो सोड़ामा सिर्का मिलाउनु जस्तो हो।

२१तिम्रो शत्रु पनि भोकाएको भए उसलाई भोजन देऊ र तिर्खाएको भए पानी देऊ।

२२यदि तिमीले यसो गरयौ भने त्यो मानिस लाजमा पर्नेछ। यो उसको टाउको माथि बल्दै गरेका कोइलाहरू राख्नु बराबर हो अनि परमप्रभुले तिम्रो क्षतिपूर्ति गर्नु हुनेछ।

२३उत्तरबाट वहने हावाले पानी बर्षाउछ अनि त्यसरी नै निन्दाले क्रोध जगाउँछ।

२४झगड़ालु स्वभाव भएकी पत्नीसित घरमा वास गर्नु भन्दा छाना माथि बस्नु असल हो।

२५टाढ़ा ठाउँ बाट आएको शुभ समाचारहरू त्यत्तिकै शीतल हुन्छ जति गर्मीको दिनमा प्यास र थकित भएर पिएको पानी शीतल हुन्छ।

२६यदि असल मानिस दुर्बल हुन्छ र दुष्ट मानिसलाई पछ्याउँछ भने यो शुद्ध पानीमा फोहर मिसिनु जस्तै हो।

२७मह पनि धेरै खाए तितो हुन्छ, त्यसरी नै धेरै मान नखोज।

२८आफैले आफैलाई नियन्त्रणमा राख्न नसक्ने मानिस भत्केको पर्खाल भएको शहर बराबर हो।

### ज्ञानले मुर्खहरूको विषयमा भन्छ

**२६** ग्रीष्म ऋतुमा हिउँ बर्षनु राम्रो होइन, बाली काट्ने समयमा पानी बर्षनु ठीक होइन अनि त्यसरी नै मूर्खलाई सम्मान गर्नु अनुचित हो।

२तिमीले कसैको हानी नगरी उसले तिमीलाई सराप्छ भने उसको त्यो श्राप तिमी माथिबाट कुनै चंचल चरा उडेर गए जस्तै हो।

३जसरी घोड़ा चाबुकले काबुमा आउँछ, खच्चर लगामले आउँछ, त्यसरीनै एकजना मूर्ख डण्डले काबूमा आउँछ।

४मूर्खलाई त्यसको मूर्खता अनुसारको उत्तर नदेऊ, नत्रभने तिमी पनि मूर्ख हुनेछौ।

५एउटा मूर्खलाई उसको मूर्खतापूर्ण उत्तर देऊ तर पनि उसले आफैलाई ज्ञानी सम्झिन्छ।

६मूर्खलाई दूत बनाई पठाउनु, आफ्नो घुँड़ामा बन्चरोले हान्नु अथवा जानी-जानी विपद ल्याउनु जस्तै हुन्छ।

७मूर्खको मुखमा एउटा हितोपदेश हुनु लङगडो मानिसका झण्डिएका लुला गोड़ा जस्तै हो।

८मूर्खलाई सम्मान गर्नु त्यति नै खराब हो जति एउटा घुयेँत्रोमा ढुङ्गा बाध्नु हो।

९मूर्खले केही हितोपदेश कुरा गर्न चाहानु, मातेर चुर भएको मानिसले हातमा बिजेको काँडा निकाल्नु खोज्नु जस्तै हो।

१०कुनै मूर्खलाई अथवा नचिनेको मानिसलाई काम अह्राउनु विपद मोल्नु हो। तिमीलाई थाहा हुँदैन कता नोक्सान हुन्छ।

११कुकुरले केही खाएर बिमार भयो भने त्यसले उल्टी गर्छ औ केही समय पछि त्यही उल्टी खान्छ। मूर्ख मानिस पनि त्यस्तै हो औ त्यसले पनि एउटै काम घरी-घरी गरिरहन्छ।

१२यदि कोही मानिस ज्ञानी होइन तर आफैलाई ज्ञानी मान्छ भने त्यो जत्तिको मूर्ख अर्को हुँदैन।

### ज्ञानले अल्छेको विषयमा भन्छ

१३अल्छेले भन्छ, "सड़कमा सिंह बसेकोछ, यसकारण म घरबाट निस्कन सक्तिन।"

१४अल्छे मानिस कही जाँदैन, ढोका आफ्नो कब्जामा अल्भेर यता उति भइरहेको भैँ, अल्छे आफ्नो ओछ्यानमा यता उति पल्टि रहन्छ।

१५अल्छे मानिसलाई यति अल्छी लाग्छ कि उसलाई आफ्नो थालबाट गाँस उठाउनु पनि गाह्रो पर्छ।

१६एउटा अल्छेले आफैलाई बुद्धिमान सम्भन्छ। उसले आफैलाई विवेकपूर्ण जवाफ दिने ती सात जाना बुद्धिमान मानिसहरू भन्दा पनि ज्ञानी सम्भन्छ।

१७दुईजना मानिसहरूको विवादमा पक्ष लिनु त्यति नै विपद जनक हो जति गल्लीमा कुकुरको कान तानेर हिड्नु।

१८-१९छिमेकीलाई धोका दिनु अनि त्यस पछि त्यो मैले दिल्लगी गरेको" भनेर भन्ने मानिस एकजना पागल मानिस जसले प्राणनाशक काँडहरू हान्छ।

२०जसरी दाउराविना आगो बल्दैन त्यसरी नै बदनाम गराउनेलाई हटाइन्छ भने भगड़ा आफै अन्त हुनेछ।

२१जस्तो कोइलाले अंगारलाई अनि दाउराले ज्वालालाई चम्काउँछ त्यस्तै भगड़ालु मानिसले भगड़ा चम्काउँछ।

२२बदनाम गराउने शब्दहरू त्यतिकै स्वादिष्ट हुन्छन् जतिको मानिसहरूको पेटमा जाने भोजन हुन्छ।

२३माटोको भाड़ोमा चाँदीको जलप लगाएभैँ दुष्ट जाली मानिसको ओठमा चिप्लो कुरा हुन्छ।

२४द्वेषपूर्ण मानिसले उसका मिठा कुराहरूले आफ्नो द्वेषलाई ढाक्छ तर उसले द्वेषलाई आफ्नो हृदयमा पालेको हुन्छ।

२५उसको मिठो कुरामा विश्वास नगर, किनभने उस भित्र सातओटा घिनलाग्दो विचारहरू जागिरहेको हुन्छन्।

२६उसले उसको द्वेष छलहरूद्वारा लुकाउन सकेतापर्नी उसको दुष्टता सबैको सामुन्ने प्रकट हुन्छ।

२७अर्कालाई जाक्नु खाड़ल खन्ने मानिस आफै त्यही खाड़लमा पर्छ। अरूलाई ढुङ्गा पल्टाउने मानिस आफै ढुङ्गाले चेपिएर मर्छ।

२८जुन मानिसले भूटो बोल्छ, त्यसले आफूले हानि पुर्‍याएको मनिसहरूलाई नै घिनाउँछ, अनि एउटा मानिस जसले चाप्लसी गर्छ उसले आफैलाई हानी गर्छ।

२७ तिमीलाई ज्ञान छैन भोलि के हुने हो, यसर्थ भविष्यमा हुने कुरा लिएर शेखी नगर।

२आफ्नो प्रशंसा अरूले गरोस, आफैले होइन।

३ढुङ्गा गहौँ हुन्छ, बलुवा ओसार्नु अप्ठेरो पर्छ। तर त्यो भन्दा अभ गहौँ हुन्छ क्रोधित मूर्खले गराएको कष्ट सहनु।

४रिस निर्दयी हुन्छ अनि क्रोध एउटा बाढ़ी भैँ हुन्छ, तर डाहको सामुने को खड़ा हुन सक्छ?

५लुकेको माया भन्दा खुल्ला आलोचना राम्रो।

६साथीले तिमीलाई कुनै बेला कड़ा शब्द भन्ला उसको उदेश्य नराम्रो होइन। तर शुत्रको चुम्बनहरू भूटा हुन्छन्। उसले तिमीलाई दया नै देखावोस, तर उसको हृदयमा तिमी प्रति शत्रुताले नै बास गरेको हुन्छ।

७अघाएको बेला मह पनि मीठो हुँदैन, तर भोकाएको मानिसको लागि सबै तीतो चीज पनि मीठो हुन्छ।

८आफ्नो घर छाड़े पछि गुँड़बाट निस्केको चरा जस्तै भौतारिन्छि।

९अत्तर तथा सुगन्धित वस्तुहरूले मनमा आनन्द ल्याउँछ। अनि एकजना मानिसको साथीको आनन्ददायता हृदय देखि दिएको सल्लाहबाट आउँछ।

१०आफ्नो साथी अनि बाबुको साथीलाई कहिल्यै नभूल्नु। आपद आइलागेको समयमा भाइ भनी टाडो सहायता माग्न नजानु कारण टाड़ाको भाइ भन्दा छिमेकी नै उपयोगी हुन्छ।

११हे मेरो छोरो! तिमी बुद्धिमान् भएर मेरो मन खुशी पारिदेऊ ताकि, जसले मलाई घिनाउँछ त्यसलाई म जवाफ दिन सकुँ।

१२बुद्धिमानी मानिस आपात आईलाग्ने चाल पाए, सुरक्षाको निम्ति शरण लिन्छ तर अज्ञानीमानिस शिरहरू सीधा पारेर यसै आपततिर जान्छ अनि दुःख पाउँछ।

१३एउटा अपरिचित मानिसलाई उधारो दिन्छौं भने उसको कोट बन्धक लेऊ। निश्चित होऊ की उसले तिमीलाई ती विदेशीहरूको बन्धकको रूपमा केहि दिन्छ।

१४प्रभात स्वागतको लागि जसले छिमेकीको निन्द्रा बिच्काउन जान्छ उसले श्राप पाउँछ।

१५एउटा कचकचे, भगड़ालु, पत्नी वर्षाको दिनमा पानी चुहुने छाना जस्ती हो।

१६उसलाई रोक्न कोशीष गर्नु हावा चल्नुबाट रोक्न प्रयास गर्नु जस्तै अथवा हातहरूले तेल समात्न प्रयास गर्नु जस्तै व्यर्थ हो।

१७जसरी फलामको सानो टुक्राले फलाम कै छुरी तथा हतियारहरू उधाइन्छ त्यसरी नै मानिसहरूले पनि एक-आर्काबाट ज्ञान सिक्छन्।

१८जसले अञ्जीरको रूख रेखदेख गर्छ उसले त्यसको फल खानु पाउँछ, त्यसरी नै जसले मालिकको खुब सेवा गर्छ उसले पुरस्कार पाउँछ।

१९जब मानिसले पानीमा हेर्छ उसले त्यहाँ आफ्नो अनुहारको प्रतिबिम्बि देख्छ, त्यसरी नै एकजना मानिसको हृदय कस्तो छ उसको व्यवहारबाट चाल पाइन्छ।

२०जसरी चिहान कहिल्ये भरिदैन, मानिसको आँखा पनि कहिल्ये तृप्त हुँदैन।

२१सुन र चाँदी आगोद्वारा जाचिन्छ, त्यसरी नै एकजना मानिसलाई उसको यशबाट जाँचिन्छ।

२२मूर्खलाई जाँतोमा पिँधेर धूलो पिठो बनाई सक्दा पनि उसको मूर्खताले उसलाई छोड़दैन।

२३तिमी निश्चित हौ की तिम्रो भेड़ाहरूको अवस्था तिमी जान्दछौ अनि तिम्रो बथानहरूलाई राम्रो ध्यान देऊ।

२४सम्पत्ति कसै सित पनि स्थायी भई बस्दैन। राजमुकुट पनि एउटा वंशको टाउकोमा बसिरहँदैन।

२५-२७जब घाँस काटिन्छ र नयाँ पालाउँछ र पहाड़को डाँड़ाकाड़ाँमा पराला जम्मा गरिन्छ, तब थुमाहरूबाट तिम्रो लुगाफटा प्राप्त हुनेछ, भेड़ोहरूबाट खेत किन्न सक्ने छौ बाख्राको दूध तिम्रो घर परिवारको लागि र तिम्रो नोकर्नीहरूको भरण पोषणको लागि प्रयाप्त हुनेछ।

२८ दुष्टको मनमा सधैँ डर हुन्छ र कसैले नलखेटे पनि ऊ भागिहिड़छ। तर धर्मी मानिस सिंह झैँ आँटिलो हुन्छ।

२जब देशमा राजद्रोह हुन्छ अनगन्ती शासकहरू बलपूर्वक उठ्छन। तर जब शासक ज्ञानी अनि समझदार हुन्छ उसले सबै कुरालाई व्यवस्थित बनाएर राख्छ।

३एकजना गरीब मानिस जसले अर्को गरीबमाथि अत्याचार गर्छ। ऊ एउटा मुसलधारे वर्षा जस्तै हो उसले अन्न बालि को विनाश गर्छ।

४जसले व्यवस्थाको विधान त्यगि दिन्छ उसले दुष्टको प्रशंसा गर्छ तर जसले व्यवस्थाको पालन गर्छु। उसले तिनीहरूको विरोध गर्छ।

५दुष्ट मानिसले न्याय के हो बुझ्दैन, तर जुन मानिसले परमप्रभुलाई खोज्छ उसले बुझेको हुन्छ।

६ईमान्दार भई गरीब हुनु राम्रो हो, धनी भई दुष्ट हुनु राम्रो होइन।

७जसले व्यवस्थाको पालन गर्छ ऊ विवेकी छोरा हो, तर जसले बेकारका घिचुवाहरूलाई साथी बनाउँछ, त्यसले केवल आफ्नो बाबुलाई लज्जित बनाउँछ।

८जसले अधिक ब्याज असुल गरी सम्पत्ति कमाउँछ, उसले आफ्नो निम्ति होइन, तर कुनै दयालु मानिसको निम्ति धन जम्मा गर्छ जसले गरीबमाथि दया गर्छ।

९यदि कसैले परमप्रभुको अनुशासन ग्रहण गर्न अस्वीकार गर्छ परमेश्वरले पनि उसको प्रार्थना सुन्न अस्वीकार गर्नु हुन्छ।

१०धर्मी मानिसहरूलाई पथभ्रष्ट बनाउन खोज्ने मानिस आफ्नै पासोमा पर्छ तर निर्दोष मानिसहरूले असल कुराहरू आर्जन गर्छन्।

११धनी मानिस आफ्नो नजरमा बुद्धिमान् हुन सक्छ, तर ज्ञानी गरीब मानिसले उसलाई चिनिहाल्छ।

१२जब सज्जन मानिसहरूले जितछन्, विजय हुन्छ र सबै खुशी हुन्छन, तर जब दुष्ट मानिसहरूको हातहरूमा शक्ति जान्छ मानिसहरू आफै लुक्छन्।

१३जसले आफ्नो पापहरू लुकाउँछ उसको कहिल्यै उन्नति हुदैन, तर जसले आफ्नो पापहरू स्वीकार गर्छ र यसलाई त्यागी दिन्छ उसले कृपा प्राप्त गर्छ।

१४त्यो मानिस धन्य हो जो परमप्रभु सित डराउँछ, तर जसले आफ्नो हृदय कठोर पार्छ त्यो संकष्टमा पर्छ।

१५एउटा दुष्ट शासक जसले गरीब राज्य माथि शासन् गर्छ ऊ एकजना गर्जने सिंह जस्तो हो अथवा आक्रमक भालू जस्तो हो।

१६जब एउटा शासकको विवेक हुदैन त्यहाँ धेरै अत्याचार हुन्छ, तर जसले भ्रष्टचारको उपायबाट कमाएको धनलाई घृणा गर्छ उसले लामो शासन गर्नेछ।

१७मानिसलाई हत्या गर्ने मानिसले शान्ति पाउँदैन। त्यसलाई सहायता नगर।

१८यदि कुनै मानिस सही जीवन जीई रहेको छ भने सुरक्षित रहन्छ, तर जो इमान्दारी पूर्वक जीवन जिउदैन उसको अचानक पतन हुन्छ।

१९एकजना मानिस जसले आफ्नो जमीनमा काम गर्छ उसँग खाने कुरा प्रशस्त हुन्छ, तर जसले आफ्नो समय संसारको कल्पनामा बिताउँछ, ऊ सधैं गरीब नै रहन्छ।

२०एकजना विश्वासनीय मानिसले धेरै आशिष पाउँछ, तर चाड़ै धनी हुन खोज्ने मानिस दण्डित हुनेछ।

२१न्यायधीश पक्षपाती हुनु हुदैन तर मानिसहरूले एउटा सानो रोटीको टुक्राको निम्ति पनि कुकर्म गर्छन।

२२एकजना लोभि मानिस चाड़ै नै धनी हुन खोज्छ, उसले यो बुझ्न सक्दैन कि उसको लोभले उसलाई गरीबीको झन झनै नजिक तानिरहेको हुन्छ।

२३चिप्लो घस्ने मानिस भन्दा सुधार गर्नेको लागि हप्काउने मानिस अन्तमा लोकप्रिय हुन्छ।

२४एकजना मानिस जसले उसको आफ्नै आमा-बाबुको धन चोर्छ अनि "मैले कुनै गलत गरिन" भन्छ भने मानिस विनाशकारी जातिकै खराब हो।

२५एकजना लोभि मानिसले झगड़ा उठाउँछ, तर जुन मानिसको परमप्रभुमाथि भरोसा छ उसले त उन्नति गर्छ।

२६जो आफ्नै विचारमा भरोसा राख्छ एकजना मूर्ख हो। तर जो ज्ञानको बाटोमा हिड़छ ऊ सुरक्षित रहन्छ।

२७जसले गरीबहरूलाई दान गरी बस्छ उसलाई अभावले कहिल्यै स्पर्श गर्दैन। तर जो गरीबलाई यादै गर्दैन उसले श्राप पाउँछ।

२८जब कुनै दुष्टले शक्ति हासिल गर्छ, तब मानिसहरू लुक्छन तर जब दुष्टको विनाश हुन थाल्छ धर्मीहरू सत्तामा आउने छन्।

२९ यदि एकजना मानिस जसलाई प्राय: हप्काइन्छ तर ऊ अट्टेरी गर्छ भने उसको एक्कासी विनाश हुनेछ उसको लागि आशा हुँदैन।

२जब धर्मी मानिसहरू सत्तामा आउँछन् राज्य खुशी बन्छन् तर जब दुष्ट मानिस शासक बन्छ तब सबै मानिसहरू दु:खीत हुन्छन्।

३यदि कुनै मानिसले ज्ञानलाई प्रेम गर्छ भने, उसको बाबु खुशी हुन्छन, तर वेश्याहरूको साथीले आफ्नो सम्पत्ति बरबाद गर्छ।

४एकजना राजाले आफ्नो राज्यलाई न्याय द्वारा बलियो राख्छ, तर घूस लिने मानिसले यसलाई सर्वनाश पार्छ।

५जसले आफ्नो मित्र सित तेल घस्छ भने उसले आफ्नै खुट्टामा जाल फिजाउँछ।

६पापीजनहरू स्वयं आफ्नो जालमा फस्छन् तर धर्मी जनहरू गीत गाउँछन् अनि खुशी रहन्छन्।

७धर्मी मानिसहरूले बुझ्छन् कि गरीबले न्याय पाउँनुपर्छ। तर दुष्ट मानिसले गरीबको विषयमा चिन्ता नै गर्दैन।

८जसले आफैलाई अरू भन्दा असल हुँ भन्ने सोच्छ त्यसले सारा शहर नै अस्त-व्यस्त पारिदिन्छ। तर बुद्धिमान मानिसहरूले जलि रहेको क्रोधालाई शान्त बनाउछन्।

९बुद्धिमान मानिस जब मूर्खसित झगडा गर्छ तब मूर्खले तर्क गर्छ र मूर्खतापूर्वक बोल्छ त्यो बहसको कहिल्यै समाधान हुने छैन्।

१०हत्यागर्ने मानिसले ईमानदारी मानिसलाई घृणा गर्छ, र उसलाई मार्न चहान्छ।

११मूर्ख मानिसले आफ्नो रिस थाम्दैन। तर बुद्धिमानी मानिसले आफ्नो रिसलाई नियन्त्रणमा राख्छ।

१२यदि एकजना शासकले झूटो कुरामा ध्यान दियो भने उसका सबै सेवकहरू भ्रष्ट हुन्छन्।

१३गरीब मानिस र अत्याचारीले महसूस गर्नै पर्छ कि ती दुबै बराबर हुन कारण दबैलाई परमप्रभुले नै सृष्टि गर्नुभएको हो।

१४यदि कुनै राजाले गरीबहरूलाई न्यायपूर्वक हेरचाह गर्छन भने, उनको शासन दीर्घकाल सुरक्षित रहनेछ।

१५दण्ड अनि शिक्षाहरूले ज्ञानतिर डोर्‍याउँछ, तर एकजना छाड़ा छोड़िएको छोरा आमाको लाज बन्छ।

१६खराब मानिसले राष्ट्रलाई शासन गर्छन भने पाप र अपराध बढ़दो हुनेछ तर आखिरमा धर्मीले दुष्टहरूको पतन देख्नेछन् र त्यस पछि तिनीहरूले विजय प्राप्त गर्नेछन्।

१७तिम्रो छोरालाई शिक्षा देऊ अनि उसले तिमीमा शान्ति ल्याउँछ; उसले तिम्रो आत्मामा खुशी ल्याउनेछ।

१८जब दर्शन-प्रकाश हुँदैन मानिसहरू मनमानि गर्छन जो न्यायोचित भइहन्छ उसले आशिष पाउँछ।

१९कुराले मात्र नोकरलाई सुधार्न सकिँदैन, कुरा बुझिहाले पनि उसले त्यसलाई स्वीकार्दैन।

२०नसोची बोल्ने कुनै मानिसलाई तिमी चिन्दछौ? त्यस्तो मानिस भन्दा मूर्खको धेरै आशा गर्न सकिन्छ।

२१यदि तिमीले आफ्नो दासले जे माग्छ सो सधैँ दिने गर्‍यो भने एकदिन यस्तो हुन्छ त्यो तिम्रो दास भएर रहँदैन।

२२क्रोधी मानिसले धेरै विवाद उठाउछ अनि क्रोध धेरै हुने मानिस धेरै पापहरूको अपराधी हुन्छ।

२३मानिसलाई अहंकारले होच्याउँछ, तर नम्र आत्मा भएको मानिसले सम्मान पाउँछ।

२४चोरको साथी ऊ आफ्नै शत्रु हो, जब उसले शपथ खानु पर्छ तब ऊ साक्षी बस्न धेरै डराउँछ।

२५अरू मानिसहरूसँगको डर एउटा पासो झैं हो, यदि तिमीले परमप्रभुमाथि भरोसा गर्छौ भने, तिमी सुरक्षित रहनेछौ।

२६धेरै मानिसहरूले न्याय पाउनको लागि शासकलाई हेर्न खोज्छन्, तर मानिसको इन्साफ परमप्रभुबाट मात्र आउँछ।

२७धर्मी मानिसहरूले बेईमानहरूलाई घृणा गर्छन, फेरि बेईमान मानिसहरूले ईमानदार मानिसलाई घृणा गर्छन।

### याकेको छोरा आगुरका हितोपदेशहरू

३० यी हितोपदेशहरू आगूरले भनेका हुन्। आगूर याकेका छोरा थिए। यी हितोपदेशहरू इथीएल अनि यूकाललाई भनिएका हुन:

२अरू कुनै मानिस भन्दा म धेरै अनभिज्ञ छु, जसरी बुझ्नु पर्छ त्यसरी बुझ्न म असक्षम छु।

३मैले ज्ञान के चीज हो जानिन, न त मैले परमेश्वरको विषयमा नै जान्न पाँए।।

४स्वर्ग गएको छु र फेरि फर्केर आएको छु? कसले आफ्नो खोक्रो हातमा हावा जम्मा गरेको छ? कसले पानीलाई आफ्नो खाष्टोमा पोको पारेको छ? कसले पृथ्वीको सीमानाहरू स्थानपना गरेको छ? उनको नाम के हो उनको छोराको नाम के हो?

५परमेश्वरको प्रत्येक वचन दोष रहित हुन्छ औ जो परमेश्वरको शरणमा जान्छ उसको निम्ति उहाँ सुरक्षित स्थान हुनुहुन्छ।

६यसकारण परमेश्वरको वचनमा परिवर्तन नगर नत्र उहाँले दण्ड दिनु हुन्छ साथै तिमी झूट प्रमाणित हुनेछौ।

७हे परमप्रभु! मेरो मृत्यु अघि हजुरबाट केवल दुईओटा चीज माग्नेछु औ ती हुन,

८मलाई झूटो नबोल्न सहायता गर्नुहोस अनि साह्रै धनि अथवा साह्रै गरीब नपार्नु होस केवल मलाई ती चीजहरू दिनु होस जो प्रत्येक दिन खाँचो पर्छ।

९यदि मसँग चाहिने भन्दा वेशी भए, मैले तपाईसंगको सम्बध छोड्ने छु अनि भन्ने छु यो परमप्रभु को हो?" यदि म गरीब भए भने चोर बनेर परमेश्वरको नाममा दुर्नाम ल्याउने छ।

१०मालिक अघि उसको नोकरको विरोधमा नबोल। यदि तिमीले त्यसो गर्‍यौ भने, उसले तिमीलाई सराप्ने छ अनि तिमीलाई दोषी बनाउनेछ।

११कति मानिसहरूले आफ्नो बाबुको विरोधमा कुरा गर्छन अनि आफ्नी आमा प्रति कुनै आदर गर्दैनन।

१२केहि मानिसहरू आफैलाई शुद्ध सम्झिन्छन। तर वास्तवमा तिनीहरू आफ्नो फोहोरबाट सफा भएका हुदैनन्।

१३केहि मानिसहरू घमण्डी हुन्छन् अनि तिनीहरूले आफूलाई अरू मानिसहरू भन्दा उत्तम सोच्छन्।

१४मानिसहरू यस्ता पनि हुन्छन् जसका दाँत तरवार र बङ्गरा छुरी जस्ता हुन्छन्। तिनीहरू यी चीजले गरीब मानिसहरूबाट तिनीहरूको प्रत्येक चीज लिन्छन्।

१५जूकाका दुई जना छोरीहरू छन् अनि तिनीहरू "अझै देऊ, अझै देऊ" मात्र भन्छन्। तीनओटा यस्ता वस्तुहरू छन् जो कहिल्यै तृप्त हुदैनन् चौथोले कदापि प्रयाप्त भयो भन्दैन।

१६चिहान, बाझी गर्भ र भूमि, पानीले कहिल्यै तृप्त हुदैनन् अनि आगोले "पुग्यो अब कहिल्यै भन्दैन।"

१७जुन आँखाले आफ्नै बाबुलाई खिसी गर्छ, आफ्नी आमाको आज्ञालाई घृणा गर्छ, बेंसीको कागले त्यसलाई ठुगंछ अनि गिद्धले मासु खान्छ।

१८तीनओटा कुराहरू मलाई अचम्म लाग्छ अनि चौथो कुरा त बुझ्दिन।

१९आकाशमा उड्ने गरूडको चाल, चट्टानमा घस्रने साँपको चाल, समुद्रमा चल्ने जहाजको चाल र एक तरूणी कन्याको प्रेम पासोमा बाँधिएको पुरूषको चाल।

२०यसप्रकार कि एउटी आइमाईले व्यभिचार गर्छे: उसले खान्छे, मुख पुछ्छे र भन्छे, "मैले केही पनि खराब काम गरेकी छैन।"

२१यी तीन कुराहरू यस्ता छन् जसले पृथ्वीलाई कमाउँछन् अनि चौथो यस्तो चिज हो जो पृथ्वीले यसलाई खप्न सक्दैन।

२२एकजना कमारा जो राजा हुन्छ अनि एकजना मूर्ख जो खाएर टन्न अघाउँछ।

२३माया नपाएकि आइमाई जसले विवाहित गर्छे अनि एउटी केटी जसले आफ्नो मालिक्नीको ठाउँ लिन्छे।

२४पृथ्वीका प्राणीहरू बीचमा यी चारओटा प्राणीहरू सबै भन्दा साना छन्, तर तिनीहरू ज्ञानी मानिसहरू भन्दा बुद्धिमान् छन।

२५कमिलाहरूको एक्दमै बलियो समुदाय हुँदैन तर तिनीहरूले ग्रीष्म ऋतुमा हिउँदको भोजन सञ्चय गर्छन्।

२६पहराको न्याउरी मुसाको समुदाय शक्तिशाली हुँदैन् तापनि चट्टानमा तिनीहरू आफ्नो घर बनाउँछन्।

२७सलहको कोही नेता हुँदैन तापनि तिनीहरू लहटै हूल बाँधेर अघि बढ्छन्।

२८अनि छेपारो जसलाई हातले सजिलै समात्न सकिन्छ त्यो राजमहलहरूमा पनि बस्छ।

२९तीनओटा प्राणीहरू आकर्षक ढंगले हिड्छन् अनि वास्तवमा चारवोटा प्राणी मर्यादित भएर हिड्छन्:

३०सबै पशुहरू भन्दा बलियो अनि कहिल्यै कसैसित नडराउने सिंह।

३१लचकमा हिँड्ने कुखुराको भाले, र बोक अनि आफ्नो मानिसहरूलाई नेतृत दिने राजा।

३२यदि तिमी आफैलाई प्रशंसा गर्ने मूर्ख भयो भने, यदि तिमीले दुष्ट योजनाहरू बनाएका छौ, भने तिमी आफ्नो मुख आफ्नै हातले बन्द गर।

३३जसरी दूध मथ्यो भने घिउ पाइन्छ, नाक वेस्सरी घस्दा रगत निस्कन्छ र त्यसरी नै रीस उठाउदा झगड़ा मच्चिन्छ।

## राजा लमूएलका हितोउपदेशहरू

**३१** यी हितोउपदेशहरू राजा लमूएलले सग्रह गरेका हुन, जुन तिनकी आमाले सिकाएकी हुन्:

२तिमी मेरा छोरा हौ जसलाई म माया गर्छु। तिमी मैले भाकल गर्दा जन्मेका छोरा हौ।

३स्त्रीहरूमाथि आफ्नो शक्ति खेरो नफाल। स्त्रीहरूले राजालाई नष्ट पार्छन यसर्थ तिनीहरू माथि आफैलाई नहोम।

४लमूएल, राजाको लागि दाखरस पिउनु असल होइन। शासकहरूले मदिरा पिउन हुँदैन।

५तिनीहरूले ज्यादै पिएर यस्तो हुनु सक्छन कि कानुनमा के भनिएकोछ भूल्न सक्छन। यसरी तिनीहरूले गरीबहरूको सबै अधिकार खोस्न सक्छन।

६गरीब मानिसहरूलाई दाखमद्य देऊ अनि कष्टमा परेका मानिसहरूलाई मदिरा देऊ।

७मदिरा पिएर गरीबहरूले आफ्नो गरीबी अनि कष्टलाई भुल्न देऊ।

८तिनीहरूको निम्ति बोली देऊ जसले आफ्नो लागि बोल्न सक्दैनन् अनि ती अभावग्रस्त गरीबहरूको अधिकारको लागि बोली देऊ।

९न्यायमा नहिचकिचाई बोली देऊ, गरीब र अभावग्रस्त मानिसहरूको अधिकारको रक्षा गर।

### आदर्श पत्नि

१०असल पत्नी पाउँन अतिनै गाह्रो हुन्छ किनभने
एउटी आदर्श पत्नी, बहूमुल्य रत्नहरू भन्दा पनि
मूल्यवान हुन्छे।
११तिनको पतिले तिनी माथि पूरा भरोसा राख्छन
अनि कहिल्यै गरीब हुनु पर्दैन।
१२आदर्श पत्निले आफ्नो पति सित असल व्यवहार
गर्छिन अनि जीवन भरी आफ्नो पतिको निम्ति विपत्ति
ल्याउँदिनन।
१३तिनी सधैँ ऊनी तथा सूतीको लुगा बनाउनमा
व्यस्त रहन्छिन्।
१४तिनी टाड़ा देशबाट आउने समुद्री जहाजले जस्तै,
कहीबाट पनि भोजन लिएर घर आँउछिन्।
१५तिनी बिहानै उठी भोजन पकाउछिन्, अनि आफ्नो
परिवार र नोकर्नीहरूलाई बाड़छिन्।
१६तिनी जमीन निरीक्षण गर्छिन अनि उचित मूल्यमा
किन्छिन् आफूले कमाएको पैसाबाट दाख रोप्छिन।
१७तिनी अत्यन्तै परिश्रमी छिन् अनि सबै प्रकारको
काम गर्नलाई सक्षम हुन्छिन्
१८आफैले बनाएका र उब्जाएका चीजहरूको व्यपार
गर्छिन, र नफा कमाउछिन् अनि तिनी रातीसम्मा कड़ा
परिश्रम गर्छिन।
१९तिनीले आफै धागो कात्छिन अनि आफ्नो घरको
लागि लुगा बनाउँछिन्।
२०गरीबलाई सधैँ दान दिन्छिन् अनि दीन-हीन
मानिसहरूको खाँचो पूरा गर्छिन।
२१हिऊँ पर्दा पनि आफ्नो परिवारको निम्ति चिन्ता
गर्दिनन। तिनले परिवारका सबैलाई तातो अनि असल
लुगाहरू दिएकी छिन्।
२२तिनले च्यादर बुनछिन् र ओछ्यानमा फिजाँउछिन
अनि आफूले सुन्दर नरम सुतीको लुगाहरू
पहिरिन्छिन्।
२३उनका पतिलाई सबैले आदर गर्छन किनभने तिनी
त्यस ठाउँका नेताहरूमा एक हुन्।
२४तिनी कुशल व्यापारिनी हुन, तिनी लुगा तथा
पटुकाहरू बनाउछिन र व्यापारीहरूलाई बेच्छिन्।
२५तिनी बलीयी अनि मर्यादित छिन, तिनले भविष्यलाई
हेरेर ढुक्क भएर हाँस्न सक्छिन्।
२६तिनको बोलीमा ज्ञान छ र तिनले मानिसहरूलाई
मायालु तथा दयालु बन्नु सिकाउँछिन।
२७तिनले आफ्नो परिवारको कामको हेरविचार गर्छिन्।
तिनले कहिले अल्छी गर्दिनन्।
२८तिनलाई आफ्नै बाल बच्चाले प्रशंसा गर्छन,
तिनको पतिले तिनी माथि गर्व गर्छन् र भन्छन्,
२९"संसारमा धेरै असल स्त्रीहरू छन् तर ती मध्ये
तिमी नै सर्वश्रेष्ट हौ।"
३०आकर्षण र सौन्दर्य क्षणिक वस्तुहरू मात्र हुन,
तर जो स्त्रीले परमप्रभुको डर मान्छे उसको प्रशसा गर्नु
पर्छ।
३१तिनको योग्यताले पाउने इनाम तिनले पाउनु पर्छ
अनि तिनले गरेको प्रशंसनीय कार्यहरूका निम्ति तिनी
समाजमा प्रशंसित हुनै पर्छ।

# License Agreement for Bible Texts

***World Bible Translation Center***
***Last Updated: September 21, 2006***

Copyright © 2006 by World Bible Translation Center
All rights reserved.

**These Scriptures:**

- Are copyrighted by World Bible Translation Center.
- Are not public domain.
- May not be altered or modified in any form.
- May not be sold or offered for sale in any form.
- May not be used for commercial purposes (including, but not limited to, use in advertising or Web banners used for the purpose of selling online add space).
- May be distributed without modification in electronic form for non-commercial use. However, they may not be hosted on any kind of server (including a Web or ftp server) without written permission. A copy of this license (without modification) must also be included.
- May be quoted for any purpose, up to 1,000 verses, without written permission. However, the extent of quotation must not comprise a complete book nor should it amount to more than 50% of the work in which it is quoted. A copyright notice must appear on the title or copyright page using this pattern: "Taken from the HOLY BIBLE: EASY-TO-READ VERSION™ © 2006 by World Bible Translation Center, Inc. and used by permission." If the text quoted is from one of WBTC's non-English versions, the printed title of the actual text quoted will be substituted for "HOLY BIBLE: EASY-TO-READ VERSION™." The copyright notice must appear in English or be translated into another language. When quotations from WBTC's text are used in non-saleable media, such as church bulletins, orders of service, posters, transparencies or similar media, a complete copyright notice is not required, but the initials of the version (such as "ERV" for the Easy-to-Read Version™ in English) must appear at the end of each quotation.

Any use of these Scriptures other than those listed above is prohibited. For additional rights and permission for usage, such as the use of WBTC's text on a Web site, or for clarification of any of the above, please contact World Bible Translation Center in writing or by email at distribution@wbtc.com.

World Bible Translation Center
P.O. Box 820648
Fort Worth, Texas 76182, USA
Telephone: 1-817-595-1664
Toll-Free in US: 1-888-54-BIBLE
E-mail: info@wbtc.com

**WBTC's web site –** World Bible Translation Center's web site: http://www.wbtc.org

**Order online –** To order a copy of our texts online, go to: http://www.wbtc.org

**Current license agreement –** *This license is subject to change without notice. The current license can be found at:* http://www.wbtc.org/downloads/biblelicense.htm

**Trouble viewing this file –** If the text in this document does not display correctly, use Adobe Acrobat Reader 5.0 or higher. Download Adobe Acrobat Reader from: http://www.adobe.com/products/acrobat/readstep2.html

**Viewing Chinese or Korean PDFs –** To view the Chinese or Korean PDFs, it may be necessary to download the Chinese Simplified or Korean font pack from Adobe. Download the font packs from: http://www.adobe.com/products/acrobat/acrrasianfontpack.html